# लेखापरीक्षण प्रतिवेदन

# कटारी नगरपालिका, उदयपुर

## आर्थिक वर्ष २०८०/८१




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## कटारी नगरपालिका, उदयपुर

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/120

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
कटारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
उदयपुर ।

## कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भक्तानीको एकीकत वार्षिक प्रतिवेदन, बजेट तलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।
**हाम्रो रायमा,** यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भक्तानीको एकीकत वार्षिक प्रतिवेदन, बजेट तलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सत्र) प्रयोगमा रहेको छ । नगरपालिकाले पेश गरेको प्राप्ती र भक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. २३ करोड ३० लाख ८५ हजार, गरिबसंग विश्वेश्वर कार्यक्रमको रू. ४ लाख १५ हजार र राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रू. ८ लाख ९० हजार समेत रु. २३ करोड ४३ लाख ९० हजार सुत्र प्रणालीमा आवद्ध हुन सकेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गर्न सकेको छैन ।
२. नगरपालिकाको रू. २ अरब ८ करोड ८ लाख ७४ हजारको लेखापरीक्षण गरिएकोमा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा रू. ४ करोड २० लाख ५२ हजार बेरुजू देखिएको छ । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि रु.६६ हजार बेरुजु प्रतिक्रियाबाट फछ्यौंट भई रू.४ करोड १९ लाख ८६ हजार बाँकी रहेको छ। उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रू. २५ लाख २७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ९७ लाख २२ हजार र नियमित गर्नुपर्ने रु. २ करोड ९७ लाख ३७ हजार रहेको छ। गतवर्षसम्म रु. ४६ करोड ८७ लाख ४२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ५१ करोड ७ लाख २८ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने कटारी नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, उपभोक्ता समितिको काममा मु.अ.कर,अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी कटारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्हित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८१ | ८३ | ४,२०,५२,६७६ | ० | ९ | ६६,१४५ | ० | ८१ | ७४ | ४,१९,८६,५३१ | २५,२६,७३६ | २,९७,३७,१६८ | ९७,२२,६२७ | ० | ० | ३,९४,५९,७९६ | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| उदयपुर | ४६,८७,४२,०१६ | ० | ० | ४६,८७,४२,०१६ | ० | ४,१९,८६,५३१ | ५१,०७,२८,५४७ |

बेरुजु सम्परीक्षणको विवरण

| क.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ८२ | विलभरपाई | २४,००० |
| २ | २०८०/८१ | ८३ | छात्रवृति वितरण कार्यक्रम | ६,००० |
| ३ | २०८०/८१ | ८५.१ | अस्पताल आय व्यय | ३६,१४५ |
| जम्मा | | | | ६६,१४५ |

# (८०१११४०१३०० - कटारी नगरपालिका, उदयपुर )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १४ वडा रहेको छ भने क्षेत्रफल ४२४.८९ वर्ग किलोमिटर तथा ५९५०७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०८।१२ देखि २०८१।०८।१९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. २,०८,०८,७४,९५५.०४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४९४७३१.४८ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.न. | वापत | दाखिला मिति | रकम |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा निष्कृय लाभग्राही | २०८१\ ९\ २२ | ४३६८३१.४८ |
| २ | तालिमको प्रशिक्षण भत्ता वापत | २०८१\ १०\ ३ | ६०००.०० |
| ३ | नागरिक भ्रमण कार्यक्रम वापत | २०८१\ १०\ ३ | ५०००.०० |
| ४ | छात्रवृत्ति बढी भुक्तानी | २०८१\ १०\ ३-९ | ४६९००.०० |
| | | जम्मा | ४९४७३१.४८ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदनको स्थिति**

२.१ वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०)सम्बन्धमा निम्नानुअनुसार देखिएको छः-

एकिकृत आय-व्यय

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | **65809985.84** | १ | **चालु खर्च** | **582219853.55** |
| | क) संचित कोष | 43382924.07 | २ | **पूँजीगत खर्च** | **204787315.00** |
| | ख) धरौटी खाता | 7516522.65 | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | **0.00** |
| | ग) विविध खर्च खाता/कोष | 13032840.76 | | क) ऋण भुक्तानी | **0.00** |
| | घ) प्रकोप व्यावस्थापन कोष | 1877698.36 | | ख) ब्याज भुक्तानी | **0.00** |
| २ | **राजस्व ( आन्तरिक आय)** | **221193506.42** | ४ | **लगानी** | **0.00** |
| | क) आन्तरिक राजस्व | 31052376.72 | | ऋण लगानी | **0.00** |
| | ख) स्थानीय राजश्व बाँडफाँड | 18134725.68 | | शेयर लगानी | **0.00** |
| | ख) संघीय राजस्व बाँडफाँड | 150009158.14 | | अन्य लगानी | **0.00** |
| | ग) प्रदेश सवारीसाधन कर | 21997245.88 | | | |
| | घ) अन्य आय जिल्ला समन्वय समिति | | ५ | **विभिन्न कोषतर्फको खर्च** | **30451835.41** |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | **508278042.77** | | क) विविध खर्च खाता/कोष | **27649150.76** |
| | क) वित्तिय समानीकरण अनुदान | 102021000.00 | | ख) प्रकोप व्यावस्थापन कोष | **0.00** |
| | ख) सशर्त अनुदान | 381157042.77 | | ख) धरौटीफिर्ता | **2802684.65** |
| | ग) समपूरक अनुदान | 17500000.00 | ६ | **जनश्रमदान फिर्ता** | **0.00** |
| | घ) विशेष अनुदान | 7600000.00 | | | **0.00** |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **26892539.00** | ७ | **अनुदान फिर्ता** | **0.00** |
| | क) वित्तिय समानीकरण अनुदान | 6634000.00 | | क) संघीय सरकार तर्फ फिर्ता | **0.00** |
| | ख) सशर्त अनुदान | 7552810.00 | | ख) प्रदेश सरकार तर्फ फिर्ता | **0.00** |
| | ग) समपुरक अनुदान | 12705729.00 | ८ | **मौज्दात** | **34237119.92** |
| | घ) विशेष अनुदान | 0.00 | | क) सञ्चित कोष खाता | **12739843.71** |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | **238764907.00** | | ख) चालु खर्च खाता | **0.00** |
| | क सामाजिक सुरक्षा तथा संरक्षण | 233085907.00 | | ग) पुजिगत खर्च खाता | **0.00** |
| | ख) गरिव संग विश्वेश्वर | 415000.00 | | घ) धरौटी खाता | **9027242.00** |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ग) स्वस्थ्य क्षेत्र सुधार कार्यक्रम | 4415000.00 | | ङ) प्रकोप व्यावस्थापन कोष | **1877698.36** |
| | घ) राष्ट्रपति महिला उत्थान कार्यक्रम | 849000.00 | | च) विविध खर्च खाता/कोष | **10592335.85** |
| ६ | **अन्य** | **0** | ९ | **जनश्रमदान मौज्दात** | **0.00** |
| | क) क्षेत्रीय शहरी विकास योजना | 0 | | | |
| | ख) सडक बोर्ड नेपाल | 0 | **10** | **अन्तर स्थानीय तहबाट प्राप्त रकम खर्च** | **238764907.00** |
| | ग) पर्यटन बोर्ड नेपाल | 0 | | क सामाजिक सुरक्षा | 233085907.00 |
| | घ) एन एन एस डब्लु ए | 0 | | ख) गरिव संग विश्वेश्वर | 415000.00 |
| ७ | **विभिन्न कोषतर्फको आय** | **29522049.85** | | स्वस्थ्य क्षेत्र सुधार कार्यक्रम | 4415000.00 |
| | क) विविध खर्च खाता/कोष | 25208645.85 | | घ) राष्ट्रपति महिला उत्थान कार्यक्रम | 849000.00 |
| | ख) प्रकोप व्यावस्थापन कोष | 0.00 | | | |
| | ग) धरौटी आय | 4313404.00 | | | |
| ८ | **विषयगत निकायबाट प्राप्त** | 0.00 | | | |
| ९ | **जनसहभागिता (नगद)** | 0.00 | | | |
| १० | **लगानीको साँवा फिर्ता** | 0.00 | | | |
| ११ | **अन्य विविध आय** | 0.00 | | | |
| | **जम्मा** | **1090461030.88** | | **जम्मा** | **1090461030.88** |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले निम्न शिर्षकहरु सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| सि.न. | शिर्षक | बजेट | खर्च |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | २३३९८५०००.०० | २३३०८५९०७.०० |
| २ | गरिबसंग विश्वेश्वर कार्यक्रम | ४१५०००.०० | ४१५०००.०० |
| ३ | सामाजिक विकास कार्यक्रम | ३७५०००.०० | ०.०० |
| ४ | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | ८९००००.०० | ८९००००.०० |

२.३ फरक हिसाब- यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.०.०० , यस वर्षको प्राप्ति रु.२६९६८६१७५.४१, यस वर्षको भुक्तानी रु.२६९२१६७४२.४१ र बैङ्क मौज्दात रु.०.०० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यस वर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ६५८०९९८५.८४ | ७५४९६४८६९.६३ | ७८७००७१६८.५५ | ३४२३७११९.९२ |
| एकीकृत आर्थिक विवरणअनुसार | ६५८०९९८५.८४ | १०२४६५१०४५.०४ | १०५६२२३९१०.९६ | ३४२३७११९.९२ |
| फरक | ०.०० | २६९६८६१७५.४१ | २६९२१६७४२.४१ | ०.०० |

२.४ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.६६१३२९८५.८४ मौज्दात रहेकोमा यो वर्ष रु.६५८०९९८५.८४ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३२३०००.०० घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२३,००० |

२.५ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ ।सो बमोजिम बैंक खाता र श्रेस्ताको कारोबारको फरकलाई पुष्टी गर्ने बैंक हिसाब मिलान बिवरण(म.ले.प.फा.न.२१२) फरक देखिएको छ । पालिकाले देहाय बमोजिम श्रेस्ता अनुसार अषाढ मसान्तको बैंक मौज्दात रु.३२८३४९०१.३६ देखिएकोमा सो अवधिमा बैँक अनुसार बैँक मौज्दात रु.३४३७७२१९.९२ देखिएको छ ।

| सकेंत | खाताको प्रकार | स्रेस्ता अनुसार बाँकी रू. | बैंक अनुसार बाँकी रू. | फरक |
|---|---|---|---|---|
| ग १.१ | आन्तरिक राजस्वखाता | (१४०२२१८.५६) | १४०१००.०० | १२६२११८.६५ |
| ग १.२ | बाँडफाँडबाटप्राप्त राजस्व खाता | ० | ० | ० |
| ग १.३ | आन्तरिकअनुदान खाता | ० | ० | ० |
| ग ६.१ | स्थानीयतह विभाज्य कोष खाता | ० | ० | ० |
| ग ४.१ | स्थानीयतह सञ्चित कोष खाता | १२७३९८४३.७१ | १२७३९८४३.७१ | ० |
| ग ३.१ | स्धानीयतह धरौटी खाता | ९०२७२४२.०० | ९०२७२४२.०० | ० |
| ग २.१ | चालूखर्च खाता- विजोर वर्ष | ० | ० | ० |
| ग २.२ | चालूखर्च खाता- जोर वर्ष | ० | ० | ० |
| ग २.३ | पूँजिगतखर्च खाता- विजोर वर्ष | ० | ० | ० |
| ग २.४ | पुँजीगतखर्च खाता- जोर वर्ष | ० | ० | ० |
| ग २.७ | विविधखर्च खाता | ३६५१६३७.८५ | ३६५१६३७.८५ | ० |
| ग ५.१ | स्थानीयतह विविध कोष खाता | ६९४०६९८.०० | ६९४०६९८.०० | ० |
| ग ७.२ | स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता | १८७७६९८.३६ | १८७७६९८.३६ | ० |
| **जम्मा** | | ३२८३४९०१.३६ | ३४३७७२१९.९२ | १२६२११८.६५ |

२.६ नगद बांकी- आन्तरिक राजस्व खाता (ग १.१) मा जम्मा गर्न बांकी नगद मौज्दात रकम रू.३०००.०० वित्तिय प्रतिवेदनमा देखिएकोले उक्त रकम बैंक दाखिला गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.७ सञ्चित कोषमा जम्मा (ट्रान्सफर)- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको आन्तरिक राजस्व खातामा रु.१४०१००.०० मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा(ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.८ बजेट पेश, पारित र अख्तियारी- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।०३।१० मा रु. ८३ करोड ८६ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।१० मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरि सक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## ३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरी तयार गर्नुपर्ने व्यबस्था रहेको छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथी विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा परीक्षण गर्दा नगरपालिकाले एक आर्थिक बर्ष भित्र भएको आर्थिक

कारोबारको अनुसुची ११ बमोजिमको ढाँचामा बार्षिक प्रतिवेदन तयार नगरेको, अन्तरसरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार नगरेको, दीगो बिकास लक्ष्य पुरा गर्न वातावरण सँरक्षण लगायत आन्तरिकीकरणको लागि एकिकृत दीर्घकालिन योजना तयार नगरेको, पालिका स्तरको सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको, सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको, नगरपालिकाले विगतमा परामर्शदाताबाट बिस्तृत परियोजना प्रतिवेदन तयार गरकोमा सोको कार्यान्वयन र अध्यावधिक अभिलेख नराखेको, नगरपालिकाले आफ्नो क्षेत्रभित्रत्का बिद्यालय गर्न अनुगमन मापदण्ड तयार नगरेको, बिद्यालय अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यबस्था नरहेको, कार्यालयले उदेश्य प्राप्तीमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको, म.ले.प फाराम ८०१ देखि ८०५ सम्मका लेखा परीक्षण तथा बेरुजु व्यबस्थापन सम्बन्धी फारामहरु अभिलेख नराखेको, मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाँउ विकास समिति तथा व्यक्तिगत नाममा रहेको पेश्की तथा बेरुजु र कोष तथा खातामा बाँकी रहेको रकम नगरपालिकामा जिम्मेवार सारेको र नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गरेको अभिलेख नराखेको र जिन्सी निरीक्षण गरेता पनि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) अनुसारको प्रतिवेदन नगरेको लगायतका व्यहोरा देखिएकोले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यबस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ४ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्यस्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

## ५ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

## ६ बजेट तथा खर्चको स्थिति

६.१ क्षेत्रगत बजेट र खर्चको स्थिति - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६०२३६०००.०० | ४४३७८६०४.०० | ५.६४ |
| २ | सामाजिक क्षेत्र | ५१५४७५६१७.६० | ४५६६६३४००.१० | ५८.०३ |
| ३ | पूर्वाधार विकास क्षेत्र | १५४३५८९२४.०० | १३६५३८१९८.०० | १७.३५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २४०१६०००.०० | १९४६०३८०.६४ | २.४ |
| ५ | कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १४५५१८४३०.०० | १२९९६६५८५.८० | १६.५२ |
| | **जम्मा** | ८९९६०४९७१.६० | ७८७००७१६८.६० | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र सबै भन्दा घटी २.४ प्रतिशत र सामाजिक विकास सबै भन्दा बढी ५८.०३ प्रतिशत रहेको छ।

६.२ खर्च बिश्लेषण- पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. ३१०५२३७६.७२, राजस्व बाँडफाँड र अनुदानबाट रु.७२५३११७७११।४७ समेत रु.७५६३६४०८८.१९ आम्दानी भएकोमा चालु तर्फ रु.५८२२१९८५३.५५ र पूँजिगत तर्फ रु.२०४७८७३१५.०० समेत रु.७८७००७१६८.५५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.४८८८५००.०० खर्च भएको छ जुन आन्तरिक आयको १५.७४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७४ प्रतिशत चालु र २६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

६.३ त्रैमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र. सं | बजेट शिर्षक उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १ | संघिय समानिकरण अनुदान | 75380872.00 | 7116057.00 | 8146670.00 | 24141477.00 | 35976668.00 | 17855356.00 |
| २ | आन्तरिक श्रोत | 29496254.00 | 0.00 | 523090.00 | 1122040.00 | 27851124.00 | 12458162.00 |
| ३ | राजश्व वाडफाड | 36246745.00 | 360317.00 | 3410979.00 | 6689601.00 | 25785848.00 | 16974758.00 |
| ४ | संघीय शसर्त अनुदान | 21116656.00 | 0.00 | 3500000.00 | 3540380.00 | 14076276.00 | 12983036 |
| ५ | संघीय समपुरक अनुदान | 17500000.00 | 3125000 | | 8375000 | 6000000 | 3680210 |
| ६ | संघीय विषेश अनुदान | 7600000.00 | 0 | 0 | 350000 | 7250000 | 7250000 |
| ८ | प्रदेश समपुरक अनुदान | 12705729.00 | 3613564 | 0 | 1958894 | 7133271 | 4121891 |
| ९ | प्रदेश समानिकरण | 1040249.00 | 0 | 0 | 0 | 1040249 | 458953 |
| १० | प्रदेश शसर्त अनुदान | 3700810.00 | 0 | 0 | 1091110 | 2609700 | 2446370 |
| **जम्मा** | | **204787315.00** | **14214938.00** | **15580739.00** | **47268502.00** | **127723136.00** | **78228736.** |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.२०४७८७३१५.०० पुंजीगत खर्च भएकोमा प्रथम त्रैमासिक मा रु.१४२१४९३८.०० (६.९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१५५८०७३९.००(७.६ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. ४७२६८५०२.०० (२३.१० प्रतिशत) खर्च गरेको देखिएको छ। यसरीनै चौथो त्रैमासिकमा रु. १२७७२३१३६.०० (६२.३४ प्रतिशत) र अषाढमा महिनामा रु. ७८२२८७३६.०० (३८.२० प्रतिशत) मात्र खर्च देखिनुले चौथो त्रैमासिक र अषाढ महिनामा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## ७ आयको बिश्लेषण

७.१ आय अनुमान - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवाशुल्क, दस्तुर वापत अनुमानित रु.३,३०,१८,५००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.३१०५२३७६.७२ अर्थात अनुमान भन्दा ५.९५ प्रतिशत घटी आय प्राप्त गरेको छ।आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

७.२ आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १,०५,३४,२१,२२६.३१ | ३,१०,५२,३७६.७२ | २.९५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.९५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

७.३ कर तथा शुल्क असुली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पती कर | २०,००,०००.०० | ५,४९,५१६.१९ | २७.४७ |
| भुमिकर/मालपोत | २०,००,०००.०० | २७,८५,९४२.७६ | १३९ |
| घरजग्गा रजिष्ट्रेशनदस्तुर | ० | ५००.०० | |
| वहाल कर | ४०,००,०००.०० | ३४,२०,०५९.४५ | ८५.५ |
| अन्य बिक्रीबाटप्राप्त रकम | ५,००,०००.०० | ५,५०,०००.०० | ११० |
| विद्युत सेवा शुल्क | ० | ८३,४२०.०० | |
| अन्य सेवा शुल्क तथाबिक्री | ७,००,०००.०० | ५९,७०,८२९.७२ | ८५३ |
| न्यायिक दस्तूर | ० | ७,१००.०० | |
| परीक्षा शुल्क | १,००,०००.०० | ५३,६००.०० | ५३.६ |
| अन्य प्रशासनिक सेवाशुल्क | १,००,०००.०० | २९,७९,३३२.७२ | २९७९ |
| नक्सापास दस्तुर | १०,००,०००.०० | १३,४६,७०४.६७ | १३४.६ |
| सिफारिश दस्तुर | ६६,००,०००.०० | ३२,१६,२६०.०० | ४८.७ |
| व्यक्तिगत घटनादर्ता दस्तुर | ६,००,०००.०० | ७,८८,४९०.०० | १३१ |
| नाता प्रमाणितदस्तुर | ५,००,०००.०० | २,२७,२५०.०० | ४५.४५ |
| अन्य दस्तुर | १,६८,५००.०० | १४,६३,९०१.०० | ८६८.७८ |
| व्यावसायरजिष्ट्रेशन दस्तुर | ० | १६,३२,४८१.५० | |
| विद्युत सम्बन्धीदस्तुर | ० | ६२,४६०.०० | |
| न्यायिक दण्ड, जरिवाना र जफत | ० | २००.०० | |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | ५०,०००.०० | २,१५,७८५.०० | ४३१.५७ |
| प्रदुषण नियन्त्रणशुल्क | १,१०,००,०००.०० | २१,०९,५६४.०० | १९.१८ |
| व्यवसाय कर | २५,००,०००.०० | ८४,०३२.५० | ३३.६ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

७.४ व्यवसाय कर - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर शिर्षकमा रु.८४०३२.०० कर सङ्कलन गरेको देखिन्छ ।पालिकाको क्षेत्र भित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।

## ८ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २० करोड ४७ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरु योजना नबनाई खरिद कार्य गरेको देखियो । अतःपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

## ९ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

## १० सेवा प्रवाह

कार्यालयको मूख्य उदेश्य हासिल गर्न सेवाग्रहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो ।पालिकाले यस बर्ष आर्थिक, सामाजिक र पुर्वाधार विकासका अतिरिक्त नियमित सेवातर्फ निम्न सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरी र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

| सि.नं. | विवरण | सेवा प्राप्ती लागि निवेदन संख्या | सिफारिस संख्या (सेवा प्राप्ती) |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | २४५० | २४४७ |
| २ | घरबाटो सिफारिस | १०४५ | १०४५ |
| ३ | नाता प्रमाणीत | ११७९ | ११७५ |
| ४ | जन्म,मृत्यु दर्ता | २७५० | २६४४ |
| ५ | अन्य | १५३४८ | १५३४८ |
| जम्मा | | २२७७२ | २२६५९ |

## ११ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १४ वडाको लागि वडागत र पालिकास्तरका लागि कुल ६५५ योजना कार्यान्वियन गरेको छ।

| क्र.स. | कार्यक्रमको नाम | योजना संख्या | रू. २० लाख माथिका योजना संख्या | रू. ५ लाख देखि २० लाख माथिका योजना संख्या | रू. ५ लाख सम्मका योजना संख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | २५६ | २३ | ७८ | १५५ |
| २ | वडास्तरीय | ३९९ | ० | ५९ | ३४० |
| जम्मा | | ६५५ | २३ | १३७ | ४९५ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावीनहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ६५५ योजनामात्र कार्यान्वियन भएका छन् । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१२ **एकमुष्ट बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७१ को २ मा वजेट पेश तथा पारित गर्ने विषयमा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण माथी छलफल गरी सभाबाट पारित हुने वजेटमा एकमुष्ट राख्न मिल्ने देखिदैन यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ को उपनियम १८ मा कार्यालयले वजेट तर्जुमा गर्दा आगामी आर्थिक बर्षमा कार्यान्वयन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत वजेटमा समावेश गर्नु पर्ने व्यवस्थाबाट पनि एकमुष्ट वजेट राख्न मिल्ने देखिदैन । तर यस पालिकाले योवर्ष रु.२,०३,५९,०००.०० एकमुष्ट बजेट खर्च गरेको छ । बजेट एकमुष्टमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । एकमुष्ट बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र.सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| १. | भैपरी आउने खर्च | १०,००,०००.०० |
| २. | उपमेयरसंग नगर विकास कार्यक्रम | १४,५९,०००.०० |
| ३. | जनतासंग मेयर कार्यक्रम | २४,००,०००.०० |
| ४. | जिम्मेवारी सरी आउने भुक्तानी | १,००,००,०००.०० |
| ५. | जिसस साझेदारी | ३०,००,०००.०० |
| ९. | नगर विकास कोष | २५,००,०००.०० |
| जम्मा | | २०३५९०००.०० |

१३ **ठेक्काको बिश्लेषण**

१३.१ ठेक्का अभिलेख - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१३.२ ठेक्का व्यवस्था - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ

। यस्ता योजना लागत अनुमान भन्दा २२.६ देखि ३४.३० प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी र फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समानै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी र फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य न्यून मुल्यमानै हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | ठेक्का नं. | योजनाको विवरण | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | 7/Uda/Katarimun/078-80 | Construction of 12 No. Ward Office Building Katari-12, Udayapur | उदयपुर लामा कन्स्ट्रक्सन कटारी | 5509051.8 | 4238895.2 | 23 |
| २ | 1/Uda/Katarimun/078-079 | Construction of Betini Samudahyak Park | श्री किरातेश्वर\जोशी\ प्रिन्स जे.भी. | 39213398.4 | 25765054.8 | 34.30 |
| ३ | KM/Udyapur/W/NCB/10/2079/80 | Construction of Ward no.6 Administrative Building | श्री शिव शक्ति निर्माण सेवा, उदयपुर | 7510634.0 | 5006701.6 | 33.4 |
| ४ | KM/Udyapur/W/NCB/11/2079/81 | Construction of Ward no.14 Administrative Building | श्री जाल्पा देवी निर्माण सेवा, त्रियुगा | 6794741.0 | 5122596.6 | 24.6 |
| ५ | KMUN/W/NCB/02/080/81 | Construction of Ward no. 10 Administrative Building | M/S Bhimeshwor Construction Pvt. Ltd, Biratnagar 12 | 6577079.91 | 4669813.72 | 29 |
| ६ | KMUN/W/NCB/04/080/81 | Construction of Birthing Center at SorungChhabise, Ward no. 10 | M/S Tribeni Engineering and Suppliers Pvt. Ltd, Katari 4 | 6996000.00 | 5411495.74 | 22.6 |

### १४ गाडी भाडाको विल पेश नभएको

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने वील भपाई प्रमाण र कागजात सम्लग्न हुनुपर्ने उल्लेख छ । प्र.प्र.अ. विनोद भट्टराई काठमाण्डौबाट कटारी नगरपालीका सरुवा भई आउदा गाडी भाडा वापत रु १५००० दावि गरिएकोमा सो को विल पेश गरेको नपाइएकोले पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,००० |

### १५ फोहोरमैला संकलन खर्च

फोहरमैला ब्यबस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम पालिका भित्रको फोहरमैलाको प्रबन्ध र ब्यबस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीय तहको हुने उल्लेख छ । ऐनको दफा १८(१) अनुसार सेवा शुल्क उठाउन सक्ने र दफा १८(५) अनुसार शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला ब्यबस्थापन बापत प्राप्त रकम स्थानीय तहले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधिनमा रही फोहरमैलाको ब्यबस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला ब्यबस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष फोहरमैला संकलनमा २ जना स्थाई कर्मचारीलाई रु ८,६७,६००,१३, ज्यालादारीलाई रु ३०,५१,७८० समेत सवारी मर्मतमा रु ३,२१,१७२ तथा इन्धनमा रु ६,८४,१४० समेत रु ५६,३२,६०४ खर्च गरेकोमा आम्दानी रु २,२५,५०० मात्र गरेको देखियो । पालिकाले बजारका केही स्थानमा मात्र रु १०० का दरले फोहोरमैला संकलनको पैसा उठाउने गरेको देखियो । संकलन क्षेत्रको दायर बढाई पालिकालाई थप राजश्व प्राप्त हुने गरी पहल गर्नु पर्ने देखिन्छ।

१६ **जनतासँग मेयर/उपमेयर कार्यक्रममा**

जनतासँग मेयर/उपमेयर कार्यक्रममा यस वर्ष रु ३५९७७४५ खर्च लेखेको देखियो । यस अन्तर्गत खेलकुद सामाग्री खरिद, आर्थिक सहायता, प्रशासनीक खर्च र केही साना योजनामा खर्च गरेको पाइयो। योजना र उत्पादनमुलक क्षेत्रमा लगाउने पर्ने रकमलाई अनुत्पादक क्षेत्रमा खर्च गर्नु उपर्यूक्त नदेखिएकोले योजना बनाई सभाबाट पारित गरेर मात्र खर्च लेख्नु पर्दछ ।

१७ **तलवी प्रतिवेदन पारित नगरेको**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ भने सघिय मामिला तथा समान्य प्रशासन मन्त्रालयको प.स. ०७६।७७, च.न. १८० र मिति ०७६।५।१८ (मन्त्रिस्तरिय) को निर्णय अनुसार स्थानीय तहका कर्मचारी र सघंबाट स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकका सम्बन्धित जिल्लाको को.ले.नि.का. बाट तलब प्रतिवेदन पारित गराइ तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ। तर पालिकामा तलवी प्रतिवेदन पारित बेगर स्थायी कर्मचारीको पारिश्रमिकमा कुल रु ३,२४,४९,७८९/ खर्च लेखेको पाइयो। यसबाट कर्मचारीको वास्तविक पाउने तलव तथा ग्रेड रकम के कति हो एकिन गर्न सकिएन। अतः तलवी प्रतिवेदन पारित गरेर मात्र खर्च लेख्नुपर्दछ ।

१८ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यत्ता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन सरँचना कायम हुने साथै सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे लगायत पदमा करार सेवामा कर्मचारी राख्न सक्ने उल्लेख छ । गाँउसभाबाट स्वीकृत भएको सङ्गगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार प्रमुख प्रशासकिय अधिकृत सहित १०९ जनाको दरबन्दी स्वीकृत रहेकोमा ८८ जना मात्र पदपुर्ति भई बाकी २१ पद रिक्त रहेकोमा करार कर्मचारी १२३ जना राखी वर्षभरिमा जम्मा रु.२५४५९५४५/- भुक्तानी गरेको देखियो । कार्यालयमा महत्वपूर्ण मानिएका पदहरु अधिकृत, सहायक पाचौ र सहायक चौथो सहित २२ पदमा पदपूर्तिको लागी प्रदेश लोकसेवा आयोगमा माग गरी पठाएको देखिएन । ऐनले तोकेको पद बाहेक दरवन्दि नभएको भुमि आयोगका कर्मचारी ,सहायक पाचौ १ , सहायक चौथो ९ ,जनालाई करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी खर्च गरेको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५६,०२,२०३ |

१९ **कानूनी सल्लाहकार / स्वकिय सचिव**

गाँउ तथा नगरसभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ मा नगरपालिकामा पदाधिकारीहरूको लागि १ जना स्वकीय सचिव राख्न सकिने व्यवस्था छ भने कानूनि सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन।सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्नु पर्नेमा बनाएको देखिएन ।स्वकिय सचिव राख्नको लागी आन्तरिक आय एंव कार्यालयको कार्यबोझलाई विश्लेषण नगरी पालिकाले यस वर्ष १ जना कानूनी सल्लाहकार नियुक्त गरी बार्षिक रु २३४००० र कानूनी व्यवस्था विपरित २ जना स्वकिय सचिव नियुक्ति गरी बढी १ जना स्वकिय सचिवको बार्षिक रु ४५१४९० पारिश्रमिक भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ६,८५,४९० |

२० **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरे तापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकास कोषमा

जम्मा गर्ने गरेको पाइएन । पालिकाले कर्मचारी कल्याण कोष कार्यविधि, तयार गरी यस वर्ष नगरपालिका चालु शिर्षकबाट कर्मचारी कल्याण कोषमा रु. ३५,००,०००/- ट्रान्सफर गरेको पाइयो । पालिकाले एकमुष्ठ रकम कोषमा जम्मा गरे तापनि कर्मचारीबाट कट्टा गर्नु पर्ने रकम कट्टा गरेको देखिएन । साथै जम्मा गरेको रकम परिचालन गरी कोष वृद्धि गर्न सो रकमको परीचालन सम्बन्धी व्यवस्था गरेको देखिएन । कर्मचारी कल्याण कोषमा ऐन अनुसार योगदानको व्यवस्था हुने गरी कोष परिचालन गर्नु पर्दछ ।

२१ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले विभिन्न व्यक्तिहरुलाई रु ५ हजार देखी ५०००० हजार का दरले रु ९४४००० आर्थिक सहायता वितरण गरेको छ ।पालिकाले विगत बर्षहरुमा पनि आर्थिक सहायता वितरण गरेकोमा सो को विवरण तयार गरेको पाइएन।आर्थिक सहायता वितरणको अभिलेख राखी दोहोरो नपर्ने गरि आर्थिक सहायता वितरण गर्नु पर्दछ ।

२२ **निजि गाडीलाई इन्धन**

नगरपालिका चालु आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(११)मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना, हानी नोक्सानी वा लावरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद र जिन्सी सुरक्षित राख्नु पर्ने उल्लेख छ । कार्यालयले निजी गाडी नं ४५७ ( कार्यालयको काममा प्रयोग नभएको ) लाई ५२८ लिटर पेट्रोल औषत रु १७१ ले ९०२८८ भुक्तानी भएकोले उत्त रकम खर्च लेख्न नपाउने हुनाले सम्वन्धितबाट असुल हुनु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९०,२८८ |

२३ **अग्रिम कर कट्टा नभएको**

आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवा शुल्कको भुक्तानीमा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने उल्लेख छ । पालिकाले होटल बर्दानी काठमाण्डौलाई खाना तथा होटलबास वापत देहाय बमोजिमको रकम भुक्तानी गर्दा १.५ प्रतिशत मात्र कर कट्टा गरेको पाइएकोले नपुग कर रु ४९८४८ असुल हुनु पर्ने रु

| भौन मिति | भुक्तानी रकम | कट्टी रकम | नपुग कर |
|---|---|---|---|
| १३९७-३।२४ | १५९६०० | २३९४ | २१५४६ |
| ८८६-२।१६ | २११११३० | ३३६७ | २८३०२ |
| | | | ४९८४८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४९,८४८ |

२४ **दैनिक भ्रमण भत्ता**

नगरपालिका चालु भ्रमण खर्च नियमावली २०६४ को नियम १० को उपनियम ३घ अनुसार रकम पाउने उल्लेख छ भने नियम ४मा सरकारी खर्चमा भ्रमण गर्ने कर्मचारी ले सम्भव भए सम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गर्नु पर्ने उल्लेख छ। कार्यालयले प्र.प्र.अ. विनोद भट्टराईलाई काठमाण्डौबाट कटारी नगरपालीका सरुवा भई आउदा २ दिनको छ जना परिवारको रु १६००० दैनिक भ्रमण भत्ता भुक्तानी गरेको पाइयो । काठमाण्डौबाट कटारी जाँन १ दिन मात्र समय लाग्ने हुदाँ २ दिनको भ्रमण भत्ता भुक्तानी हुन नियम सम्मत नदेखिएकोले बढी भुक्तानी भएको रु ८००० असुल हुनु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,००० |

२५ **स्वास्थ्य अनुदान वितरण**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई

औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट १६० जनाको लागि रु ४९६४००० खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

| क्रम | उपचारको किसिम | व्यक्ती संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | मेरुदण्ड, पक्षघात | ८ | ४८०००० |
| २ | मृगौला डाइलसिस | २५ | १५००००० |
| ३ | क्यान्सर | ६० | २४१०००० |
| ४ | दुर्घटना, चोट पटक | २३ | १७७००० |
| ५ | अल्सर, tumor, हृदयघात आदि | ४४ | ३९७००० |
|  | जम्मा | १६० | ४९६४००० |

## २६ कृषि तथा पशु अुनदान वितरण

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी,बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तहमार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट ४३५७ जनाको लागि रु ९१०९१३५ खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| क्र.स | अनुदानको किसिम | व्यक्ति संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | आकस्मिक बालि संरक्षण(१००% अनुदान) | ३५० | १९९९२० |
| २ | उन्नत धानको विउ खरिद तथा वितरण (५०% अनुदान) | ३७० | ५२५७३० |
| ३ | रिपर मेसिन खरिद तथा वितरण (५०% अनुदान) | ४ | ३९९२४० |
| ४ | ७०% अनुदानमा आलुको बिउ वितरण | २२० | २७९८८५ |
| ५ | विषादी तथा स्प्रे ट्यांकी वितरण कार्यक्रम (१००% अनुदान) | ६० | ४९७६० |
| ६ | आलुको बिउ वितरण कार्यक्रम (५०%अनुदान) | २०० | १०२००० |
| 7 | तोरीको बिउ वितरण कार्यक्रम(५०%अनुदान) | १५० | ५१००० |
| ८ | आलुको बिउ वितरण कार्यक्रम (५०% अनुदान) | २१२ | २४२००० |
| ९ | आलुको बिउ वितरण कार्यक्रम (५०% अनुदान) | २७० | ३४२००० |
| १० | आलुको बिउ वितरण कार्यक्रम (६५% अनुदान) | १०० | ३००००० |
| ११ | प्लास्टिक टनेल वितरण (७५% अनुदान) | ३० | २००००० |
| १२ | फुट स्प्रेयर र विषादी वितरण (१००% अनुदान) | ६२ | ९७६०० |
| १३ | मौरी घार र स्प्रे टंकी वितरण | ५५ | २५०००० |
| १४ | कम्बाईन मिल खरिद तथा वितरण | १२ | ५००००० |
| १५ | स्प्रे टंकी वितरण | २० | ५०००० |
| १६ | मिनी टिलर, कम्बाईनमिल, प्लास्टिक टनेल, मल्चिंगप्लास्टिक वितरण | ८३ | ६००००० |
| १७ | गहुको बिउ वितरण | ४२० | ५५९५७० |
| १८ | धानकोविउ वितरण | १२०० | ५१५४३० |
| १९ | अदुवा/बेसारको विउवितरण | १०० | ६००००० |
| २० | जै घाँस बिउ वितरण | २८१ | ३००००० |
| २१ | गाई भौसी गोठ सुधार | १४३ | ९४५००० |
| २२ | भौसी पालन कार्यक्रम | १५ | २०००००० |
| जम्मा | | ४३५७ | ९१०९१३५ |

२७ **ल्याबटप खरिद**

नगरपालिका पुंजीगत- सार्वजनकि खरिद ऐन, २०६३ को दफा ८ बमोजमि प्रतिस्पर्धा सीमित नहुने गरी खरीद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनकि खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. १० लाख सम्मको खरीद कार्य सोझै, सो भन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथिको खरीद बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले प्रचलित कानुनी व्यवस्थाको पालना नगरी एउटै प्रकृतिको खरिदलाई निम्नानुसार टुक्रापारी गरेको खरिद कारबाही नियमसम्मत देखिएन । अतः पालिकाले खरिद कानुनको पालना गर्नुपर्दछ ।

(कार्यालयको भनाई- सुरुमै आवश्यक्ता पहिचान गर्न नसकिने र एकै पटक खरिद गरी भण्डार गर्दा दुरुपयोग तथा पुरानो हुने हुदा आवश्यक्ता अनुसार खरिद गरिएको)

| गो.भा.न.\मिति | विवरण | संख्या(थान) | भुक्तानीकर्ता | रकम |
|---|---|---|---|---|
| १४८\०८०\११\३० न.पा.पुजीगत | Desktop खरिद | ३ | उदयपुर निर्माण सेवा सप्लायर्स, कटारी | ४०५०००.०० |
| | Dell Laptop खरिद | ३ | उदयपुर निर्माण सेवा सप्लायर्स, कटारी | ३७५००२.०० |
| ६०९\०८१\३\२४ न.पा.पुजीगत | Desktop खरिद | १ | NANCY Enterprises Lahan, Siraha | ६९९४७.०० |
| | Dell Laptop खरिद | १ | NANCY Enterprises Lahan, Siraha | १४८९९१.०० |
| | Dell Laptop खरिद | ४ | NANCY Enterprises Lahan, Siraha | ४९९४६०.०० |
| ९००\०८१\२\१८ न.पा. चालु | Desktop खरिद | ४ | आदित्य कम्प्युटर्स मेन्टिनेन्स सेन्टर | ६४०४९९.०० |
| | Dell Laptop खरिद | २ | | |
| **जम्मा** | | | | २१३८८९९.०० |

२८ **मोबाइल सेट**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम १०० मा गत आर्थिक बर्षको मौज्दात, चालु आर्थिक बर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको मालसामान र वस्तुगत सहायताको रुपमा प्राप्त भएको मालसामान समेत उल्लेख गरी कुल सम्पत्ति तथा जिन्सी मालसामानको परिमाण र मुल्य, चालु आर्थिक बर्षमा लिलाम, मिनाहा वा हस्तान्तरण भई खर्च भएको परिमाण र मुल्य तथा बांकी जिन्सी मालसामानको परिमाण र मूल्य समेत खुलाई जिन्सी मालसामानको स्रेस्ता महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्नेछ । पालिकाले यस आर्थिक बर्ष कार्यालय प्रयोजनका लागि भनी २ थान निम्न मोबाइल सेट खरिद गरेको छ । उक्त मोबाइल सेट भौतिक अवस्था तथा यस बर्षको जिन्सी निरीक्षण प्रतिवेदनमा समेत देखिएको छैन । सरकारी रकमबाट खरिद गरिएको उक्त जिन्सी सामाग्री खर्च भएर नजाने जिन्सी खातामा दाखिला हुनुपर्दछ । जिन्सी दाखिला नभएको अवस्थामा हिनामिना हुन सक्ने संम्भावना हुदा उक्त मोबाइल सेट सम्बन्धितबाट फिर्ता लिई जिन्सी खातामा आम्दानी देखिनुपर्ने अन्यथा उक्त सेटको मुल्य बराबरको रकम सम्बन्धितबाट असुल हुनुपर्दछ ।

| गो.भा.न\मिति | मोवाइलको विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ४१\०८०\९\१३ | Real Me 11 pro/8/256 GB | ४८९९९.०० | प्र.प्र.अ अनिल किरातीको लागि खरिद गरिएको |
| ७५\०८०\१०\१४ | Samsung A54 6E 8/128 GB | ५७४९९.०० | प्र.प्र.अ बिनोद भट्टराईको लागि खरिद गरिएको |

२९ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.२,६६,८७,२९६.३५ बाँकी रहेको देखिन्छ । निम्नानुसारको म्याद ननाघेको पेश्की फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा २९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३० **आयको हिसाब भिडान**

स्थानीय तह संचितकोष व्यवस्थापन प्रणाली(सूत्र)मा पालिकाको सबै प्रकारका आन्तरिक आम्दानी लेखांकन गर्ने सकिने तथा आन्तरिक आम्दानी खाता र विभाज्य कोष खातामा दाखिला हुने रकमको हिसाब समायोजन गर्न सकिने व्यवस्था छ । पालिकाकले पेस गरेको विवरण अनुसार यो वर्ष रु.३०६८०६७२।९६ आम्दानी गरेकोमा पालिकाले आंशिक रुपमा सूत्रको आय मोडुल प्रयोग गरेको देखिन्छ । पालिकाले पेश गरेको बैङ्क स्टेटमेन्ट विवरण यो वर्षको आम्दानी रु.३,११,९२,४७६।७२ देखिएकोले बैङ्क स्टेटमेन्ट भन्दा एकीकृत

वित्तीय विवरणमा रु.५११८०३।७६ घटी आन्तरिक आय लेखांकन भएको देखिन्छ । उक्त घटी देखिएको रकम यकिन गरी हिसाब भिडान गर्नुपर्दछ ।

३१ **प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क**

कोशी प्रदेश आर्थिक ऐन,२०८० को दफा ५ बमोजिम प्रदेशभित्र प्राकृतिक स्रोत संकलन तथा बिक्री वापतको शुल्क अनुसूची ५ बमोजिम असुल गरिने र शुल्कको संकलन, नियमन र प्रशासन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्ने उल्लेख छ । सोहि ऐनको अनुसुची ५ बमोजिम ढुङा, गिट्टी र ग्राभेलको प्रति क्यु घन मिटर रु २७९।३५५ मुल्य अभिवृद्धि कर समेतका दरले शुल्क लाग्ने व्यवस्था रहेको छ। । कटारी नगरपालिकाको आर्थिक ऐन, २०८० को अनुसुची १६ बमोजिम प्राकृतिक स्रोत तथा बिक्री वापतको शुल्क प्रदेश आर्थिक ऐन, २०८० ले तोके बमोजिम हुने उल्लेख छ। पालिकाले निर्माण कार्यको लागत अनुमान स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा तयार गरेको छ । पालिकाको प्राविधिक कर्मचारीबाट पेश भएको यो वर्ष सञ्चालन भएका १४ वडा तथा नगरपालिकाका आयोजनाहरुमा खपत भएको ६६९५ घन मिटर ग्राभेल परीमाण देहाय अनुसार खरिद गरेको व्यक्तिगत भरपाई पेश भएकोमा पालिकाले तोकिए बमोजिम शुल्क संकलन गर्नुपर्नेमा संकलन गरेको देखिएन । योजनाहरुमा प्रयोग गरेको नदी तथा खानी जन्य ढुङ्गा गिट्टी ग्राभेलको वार्षिक खपत परीमाणको देहाय बमोजिमको ६६९५ घन मिटर रु २७९।३५५ दरले मुल्य अभिवृद्धि कर सहित जम्मा रु.१८,७०,२८१.०० रोयल्टी तथा शुल्क संकलन नगरी भुक्तानी गरेको देखिएकोले असुल गर्न ध्यान दिनु पर्ने देखिन्छ ।

| सि न | वडा नं | नदी तथा खानी जन्य ढुङ्गा गिट्टी ग्राभेलको वार्षिक खपत परीमाण घन मिटरमा | मु अ कर समेत रकम रू. |
|---|---|---|---|
| १ | १ | ४५० | १२५७१० |
| २ | २ | ३२५ | ९०७९० |
| ३ | ३ | ४५० | १२५७१० |
| ४ | ४ | ५७० | १५९२३२ |
| ५ | ५ | १६०० | ४४६९६९ |
| ६ | ६ | ४०० | १११७४२ |
| ७ | ७ | ४०० | १११७४२ |
| ८ | ८ | १५० | ४१९०३ |
| ९ | ९ | १५० | ४१९०३ |
| १० | १० | २५० | ६९८३९ |
| ११ | ११ | ४०० | १११७४२ |
| १२ | १२ | २०० | ५५८७१ |
| १३ | १३ | १५० | ४१९०३ |
| १४ | १४ | ३०० | ८३८०६ |
| न.पा.का योजनाहरु | | ९०० | २५१४२१ |
| | जम्मा | ६६९५ घन मिटर | १८७०२८१।०० |

३२ **प्राकृतिक श्रोतको उत्खनन् तथा संकलन**

स्थनीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२.घ.६) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रका ढुङ्गा, गिट्टी, बालूवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा जस्ता प्राकृतिक एवं खानीजन्य बस्तुको बिक्री तथा निकासी शुल्क तथा दस्तुर संकलन गर्न सक्ने

व्यबस्था गरेको छ । पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न घाटहरुबाट रु. १०६७१६९८।०० बराबरको ढुङ्गा गिट्टी संकलन ठेक्काको लागि मिति २०८०।९।१ र २०८०।१०।२९ मा दुई पटक सुचना आह्वान भएकोमा आय ठेक्का लागेको छैन । यसरी सुचना प्रकाशन गरी आय ठेक्का नलाग्दा पालिकालाई रु.१०६७१६९८।०० बराबरको राजस्व कम असुल भएको छ । ढुङ्गा गिङ्गा गिट्टी संकलन तथा विक्रीबाट IEE प्रतिवेदन अनुसार पालिकाले बार्षिक रु.२९०३७२४२।०० राजस्व संकलन गर्न सक्ने क्षमता भएपनि अमानतबाट ढुङ्गा गिट्टी विक्री गरी राजस्व आम्दानी गरेको विवरण लेखापरीक्षणमा पेश भएन । पालिकाले प्राकृतिक श्रोतको उत्खनन् तथा प्रयोगमा कुनै राजश्व असुल नगर्नाले एकातर्फ पालिकाले आफ्नै क्षेत्र भित्रको प्राकृतिक श्रोतबाट हुने आन्तरिक आय गुमेको छ भने अर्को तर्फ आफ्नै पालिका भित्रको निर्माण कार्यमा आफ्नै पालिका भित्रको ढुंगा गिट्टी बालुवा लगायतका प्राकृतिक श्रोतमा मूल्य तिरेर खरिद गर्नु परेको छ । त्यसैगरी प्राकृतिक श्रोतको उत्खनन् तथा संकलनमा राजश्व असुल नगर्दा प्रदेश सरकारको समेत राजश्व बाँडफाँडबाट प्राप्त हुने आय गुमेको अबस्था छ । अत: यस पालिकाले आफ्नो क्षेत्रभित्रका प्राकृतिक श्रोतको उत्खनन् तथा संकलनमा समयमै आय ठेक्का लगाई थप राजश्व संकलन गर्न पहल गर्नुपर्दछ ।

३३ **जटिल संरचना निर्माण**

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी., फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो।यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ।यसका केही उदाहरणहरु यस प्रकार रहेका छन्:

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १६७\०८०\१२\६ | गबुवा कुना कल्भर्ट निर्माण उ.स.-४ | कल्भर्ट निर्माण | २३०२०८.०० |
| १७०\०८०\१२\७ | दनुवार एकता समाज उ.स.-४ | भवन निर्माण | ४७५०००.०० |
| १७९\०८१\१\४ | बरमझिया सिसाघारी जाने डगर तथा कल्भर्ट निर्माण उ.स. ५ | कल्भर्ट निर्माण | २३१३३५.०० |
| २४९\०८१\२\३ | कालीखाडी कल्भर्ट निर्माण | कल्भर्ट निर्माण | ५६३८३४.०० |
| ५६२\०८१\३\२१ | वडा स्तरीय खानेपानी उ.स. | खानेपानी ट्यांकी निर्माण | ५३३७२४.०० |
| ५९७\०८१\३\२३ | चौफाल सामुदायिक भवन निर्माण | भवन निर्माण | ४६५०४७.०० |
| **जम्मा** | | | २४९९१४८.०० |

३४ **हेभी इक्युपमेन्टको प्रयोग**

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा कामको मुख्य उद्देश्य रोजगारी श्रृजना गर्ने भएमा उक्त काम उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ ।नमुना छनौटका रुपमा श्रेस्ता परीक्षण गर्दा पालिका अन्तर्गत सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको नपाइएकोले नियमसम्मत देखिएन । यसका केही उदाहरणहहरु यस प्रकारका रहेका छन् ।

| गो भा न | उपभोक्ता समितिको नाम | कामको विवरण | मुल्यांकन | भुक्तानी | मेशिन प्रयोगको मु.अ.कर बिल |
|---|---|---|---|---|---|
| ४७ | कटारी बाहुनिटार सडक खण्डको सिसाघारी खाडी खोप हुदै पाट्ने सडक मर्मत उ.स.५ | सडक मर्मत | २०१२४९.०० | १८१०७२.०० | १६९५००.०० |
| ५२ | बाघसिंगे चिउरीडाँडा भालुखोला मोटरबाटो निर्माण उ.स.११ | सडक निर्माण | ६५९३७८.१६ | ५६७२०९.०० | ६७६१९२.०० |
| ५३ | वडा भरिका सम्पुर्ण बाटो सरसफाई योजना उ.स. | सडक मर्मत | १६५०५५६.०३ | १४२५०००.०० | १६५०५५७.०० |
| ५४ | थुम्की मगरटोल बाटो निर्माण उपभोक्ता समिति | सडक निर्माण | ३२८८८८.११ | २८३६००.०० | ३२९९९८.११ |
| ५५ | कोलबोट मोटरबाटो निर्माण मर्मत उ.स.८ | सडक निर्माण | ७६६०६३.२६ | ६५५१४६.०० | ७६६०६३.२५ |
| ४२२ | सानोदमार पाखाटोल मोटरबाटो निर्माण उ.स. ८ | सडक निर्माण | १०९२६६७.६६ | ९३९९५३.०० | १०९६१००.०० |
| ५०४ | वडा रिङ्ग रोड वडरे, लायोडाँडा, आम्बाटे, कालिमाटी उ.स. | सडक निर्माण | ८०४५५७.०० | ७००१६२.०० | ९५०३३०.०० |
| ५०६ | कुसुमटार आलटार ओडारे सडक निर्माण आयोजना उ.स. | सडक निर्माण | ५१४५८०.६६ | ४५२०८९.०० | ७६२७५०.०० |
| जम्मा | | | | ५२०४२३१.०० | ६४०१४९०.३६ |

३५ **नापी बेगर भुक्तानी**

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाचँ र मूल्याकंनको आधारमा भुक्तानी दिनुपर्ने व्यबस्था रहेको छ । पालिकाले गो.भा.न.३५।०८०।९।1 बाट ज्यामिरे उकालो ढलान कार्यका लागि रू.४९४९६९.८४ को कार्यसम्पन्न भएको प्रतिवेदन देखाइ ज्यामिरे उकालो ढलान उपभोक्ता समितिलाई कार्य भएको नापी किताब बेगर रू.४२७५००.०० भुक्तानी गरेको छ ।भुक्तानीको प्रमुख आधार नापी किताब भएको हुदा फिल्डमा कार्य भएको हो होइन तथा कति कार्य भएको हो सो सम्बन्धमा एकिन गर्न सकिने अवस्था नभई भुक्तानी दिने कार्य नियमसम्मत देखिएन ।अतः उक्त कार्य भएको सम्बन्धमा नापी किताब र कार्यसम्पन्न सहितको प्रमाण पेश गर्नुपर्ने गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,२७,५०० |

३६ **उपभोक्ता समितिलाई बढी भुक्तानी**

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाचँ र मूल्याकंनको आधारमा भुक्तानी दिनुपर्ने व्यबस्था रहेको छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अँश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने छ ।नमुना छनौटको रुपमा हेरिदा नगरपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउदा कार्य सम्पादन मुँल्याकन पश्चात खुद भुक्तानी गर्नुपर्ने रकम भन्दा बढी रकम रु. ५७८२८.०० उपभोक्ता समितिलाई भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| गो भा न | उपभोक्ता समिति तथा योजना | लागत अनुमान (उ.स.अँश समेत) | मुल्यांकन | भुक्तानी भएको | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ७३\०८०\१०\१४ | वडाभरि सडक बाटो स्तरउन्नती नाला तथा स्ल्याब निर्माण उ.स. | १५८२२०१ | १५६४६६५ | १४२२४२३ | १४१८६८३ | ३७४० |
| ८०\०८०\१०\१५ | सिम्ले बगाले टोल सडक स्तरोन्नती उ.स. ४ | ७११९९१ | ६७७०५८ | ६०२३७२ | ५८७६८७ | १४६८५ |
| ५५१\०८१\३\२१ | कृषि ईनार सिँचाई कुलो निर्माण तथा मर्मत उ.स. ६ | १६५३१७३ | १५४५८९० | १३३३८१३ | १३३२५२६ | १२८७ |
| ५८६\०८१\३\२३ | बाक्सिङ्गे चिउरीडाडा भालुखोला मोटरबाटो निर्माण उ.स. ११ | ४९५२९९ | ३३६७६५ | २९२९८५ | २९०६९५ | २२९० |
| २३ र ३० ०८१\३\१५ | कालिका आधारभुत विद्यालय खारेभञ्ज्याङ्ग | २४००३४ | २२५०६९ | २४९५७६ | २१३७५० | ३५८२६ |
| जम्मा | | | | | | ५७८२८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५७,८२८ |

## ३७ नापी तथा कार्यसम्पन्न नदेखिएको

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाचँ र मूल्याकंनको आधारमा भुक्तानी दिनुपर्ने व्यबस्था रहेको छ । पालिकाले ककनी मन्दिर र महादेवथान खानेपानी मर्मत कार्यका लागि रू.३,३१,०६७.२३ को लागत अनुमान तयार गरी गो.भा.न.४१४।०८१।३।१७ बाट ककनी मन्दिर र महादेवथान खानेपानी मर्मत उपभोक्ता समितलाई रू.२,८५,०००.०० भुक्तानी गरेको छ ।भुक्तानीको प्रमुख आधार नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन भएको हुदा फिल्डमा कार्य भएको हो होइन तथा कति कार्य भएको हो सो सम्बन्धमा एकिन गर्न सकिने अवस्था नभई भुक्तानी दिने कार्य नियमसम्मत देखिएन । अतः उक्त कार्य भएको सम्बन्धमा नापी किताब र कार्यसम्पन्न सहितको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८५,००० |

## ३८ सुधार गर्नुपर्ने सैद्धान्तिक पक्षहरु

३८.१ नापी किताब- निर्माण कार्यको विस्तृत अभिलेखाकंनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकमसमेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ ।पालिकाले अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिलअनुसार नापी किताब लुज सिटमा तयार गरेको पाइयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिलअनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज हुने हुँदा अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याउनुपर्दछ ।

३८.२ कन्टिन्जेन्सी खर्च- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा कन्टिजेन्सी रकम कट्टी गर्ने सम्बन्धी उल्लेख गरिएको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय कानुन बनाउने सम्बन्धी व्यस्था रहेको छ ।सोही दफाको उपदफा ५ मा कुनै कानुन राजपत्रमा प्रकाशन नभएसम्म त्यस्तो कानुन लागु हुने छैन ।यस पालिकाले कन्टिनजेन्सी रकम खर्च गर्ने सम्बन्धि कार्यविधि तयार गरेको देखिदैन ।कानुन तयार नगरी पालिकाले कन्टिन्जेन्सी रकम रु.४२,८५,१७८.०० खर्च गरेको छ ।सो खर्च कुन कुन शिर्षकमा कति खर्च गरेको हो सोको विवरण समेत पालिकाले राखेको देखिदैन । कानुनको व्यबस्था गरी उक्त कार्यविधि अनुसार कट्टी तथा खर्च गर्ने परिपाटीको व्यबस्था हुनुपर्दछ ।

३८.३ कानून र सञ्चालन स्थिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ३ वटा नियमावली, ५३ कार्य विधि तथा ७ निर्देशिका र ३ नम्स गरी ७७ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले ७७ वटा कानूनहरु निर्माण गरी सभा\कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त सम्पुर्ण कानूनहरु राजपत्रमा प्रकाशन गरेको छ। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनुपर्दछ।

३८.४ न्यायिक समिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ ।न्यायिक समितिको प्राप्त विवरण अनुसार गत वर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी, यो वर्ष मुद्दा तथा विवाद दर्ता भएकोमा फर्स्यौट तथा बाँकीको अवस्था निम्न रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

| सि नं | उजुरीका प्रकार | गत बर्षको बाकी | यस बर्षको थप | जम्मा | यो बर्ष फर्छौट | फर्छौट हुन बाकी | समयमै फर्छौट नहुनुको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | पारीश्रमिक तथा ज्याला मजदुरी | ० | ३ | ३ | १ | २ | न्यायिक समितिमा निवेदन दर्ता भएर दुवै पक्ष उपस्थित भएको मितिले ९० दिन भित्र निवेदन फर्छौट गर्नु पर्ने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४९ को ४ बमोजिम भएकाले सो अवधि भित्र रहेका मुद्दा यस अर्थिक बर्षमा सरि अएका हुन । |
| २ | जग्गा सम्बन्धि | २ | १३ | १५ | १४ | १ | |
| ३ | ईजत अमद अनुसार खान लगाउन नदिएको | ० | ६ | ६ | ६ | ० | |
| ४ | हातपात तथा गालिगलोज | ० | २ | २ | २ | ० | |
| ५ | घर, भाडा असुल तथा घर खालि गरीदीने | ० | २ | २ | ० | २ | |
| ६ | कुलोको पानी सिचाई सम्बन्धी | ० | १ | १ | १ | ० | |
| ७ | सहकारी सम्बन्धी | ० | ३ | ३ | ३ | ० | |
| ८ | लेनदेन | ६ | १५ | २१ | १८ | ३ | |
| ९ | नावलक छोरी र पत्नीलाई खान लगाउन नदिएको | ० | २ | २ | २ | ० | |
| १० | नक्सा बमोजिम बाटो कायम गरीपाउ | ० | २ | २ | २ | ० | |
| ११ | अंश विवाद सम्बन्धमा | ० | ३ | ३ | २ | १ | |
| १२ | विवहा दर्ता सम्बन्धमा | ० | १ | १ | १ | ० | |
| १३ | परापुर्व कालदेखी चलिअएको बाटो कायम गरीपाउ | ० | २ | २ | २ | ० | |
| १४ | पती पत्नीको विवाद सम्बन्धि | ० | १ | १ | १ | ० | |
| जम्मा | | ८ | ५६ | ६४ | ५५ | ९ | |

३८.५ फोहरमैला व्यवस्थापन- फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ ।

फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३८.६ सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यस निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ ।

| **सम्पत्ति** | **प्राप्त मिति** | **संख्या** | **खरिद/प्राप्ति मूल्य** | **कैफियत** |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | | | | नखुलेको |
| **सवारी साधन (रु.१ लाखभन्दा बढी)** | | | | |
| जीप | | २ | | मुल्य नखुलेको |
| मोटरसाइकल | | २५ | | |
| टेक्टर | | २ | | |
| शववाहन | | १ | | |
| **उपकरण (रु.१ लाखभन्दा बढी)** | | | | |
| टिप्पर | | १ | | मुल्य नखुलेको |
| दमकल | | १ | | |
| अतिक्रमणमा परेको जग्गा | | | | नखुलेको |
| अतिक्रमण हटाउन गरेको प्रयास | | | | नखुलेको |

३८.७ जिन्सी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

३८.८ सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

३८.९ बेरुजू अभिलेख - पालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्राप्त बेरुजू प्रतिवेदनको अभिलेख देहायको मलेप फाराममा राख्नु पर्ने व्यवस्था भएकोमा राखेको नपाइएकोले आगामी दिनमा तोकिएको मलेप फारममा बेरुजू अभिलेख राखि अध्यावधिक गर्नु पर्दछ ।

• म.ले.प. फाराम नं. ८०१ बेरुजु लगत

• म.ले.प. फाराम नं. ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन

• म.ले.प. फाराम नं. ८०५ सम्परीक्षण गोश्वारा अभिलेख ।

### ३९ **HDPE पाइप खरिद**

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यबस्था छ । पालिकाले निम्न गोश्वारा भौचरबाट एच.डि.ई.पी.(खानेपानी पाइप) खरिद गरी भुक्तानी गरेको छ । तर उक्त पाइपहरुको उपयोग\प्रयोग तथा जडान कुन चनेज तथा लोकेशनमा भएको हो सोको खुल्ने नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले उक्त खरिदको उपयोग तथा जडान प्रति एकिन गर्न सकिएन । कार्यालयले उक्त पाईपको जिन्सी मौज्दात बांकी पनि नदेखाएको हुदा उक्त पाइप प्रयोग भएको अवस्था देखिन्छ । तर्सथ उक्त एच.डि.ई.पी. पाईप चेनेज अनुसार जडान गरिएको विवरण खुल्ने प्रमाणित मेजरमेन्ट(नापी किताब) र कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू.

| गो.भा.न\मिति | भुक्तानी | विवरण | साइज | परिमाण | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १७७\०८१\१\४ | श्री पञ्चावली सप्लायर्स एण्ड ट्रेडर्स, कटारी | HDEP खानेपानी पाइप खरिद | NS/20MM/PN16 | 7400 Mtr. | ३२५२८२.०० |
| | | | NS/25MM/PN12.5 | 2075 Mtr. | ११६७६९.०० |
| | | | NS/40MM/PN12.5 | 235 Mtr. | ३३१९४.०० |
| | | | NS/63MM/PN10 | 900 Mtr. | २५८३१८.०० |
| | | समरबिल पम्प | Sub/1.5 Hp/3 stage with 2 inc. outlet | 4 थान | ९९४४०.०० |
| जम्मा | | | | | ८३३००३.०० |
| ४४३\०८१\३\१८ | हिमगिरी सप्लायर्स एण्ड ट्रेडर्स, कटारी | HDEP खानेपानी पाइप खरिद | 250 mm/PN 6 | 30 Mtr. | ८२२६३.०० |
| जम्मा | | | | | ८२२६३.०० |
| ४४५\०८१\३\१८ | भिमसेन सप्लायर्स, कटारी | HDEP खानेपानी पाइप खरिद | 20 mm N/S Pipe PN16 | 700 Mtr. | २७६८५.०० |
| | | | 25 mm N/S Pipe PN12.5 | 500 Mtr. | २७६८५.०० |
| | | | 32 mm N/S Pipe PN10 | 300 Mtr. | २१३९०.०० |
| जम्मा | | | | | ७६७६०.०० |
| ४४९\०८१\३\१८ | भिमसेन सप्लायर्स, कटारी | HDEP खानेपानी पाइप खरिद | NS/20MM/PN16 | 600 Mtr. | २३७३०.०० |
| | | | NS/25MM/PN12.5 | 1200 Mtr. | ६६४४.०० |
| | | | N/S 32MM/PN10 | 200 Mtr. | १४०१२.०० |
| जम्मा | | | | | ४४३८६.०० |
| ५६७\०८१\३\२२ | न्यु शाह इलेक्ट्रिक, सिरहा | HDEP खानेपानी पाइप खरिद | 50mm/PN12.5 | 132 Mtr. | २९०८६.०० |
| | मदन रेफ्रिजेरेशन एण्ड इलेक्ट्रिक सेन्टर, कटारी | समरबिल पम्प | 5 HP KSB Company | 1 थान | ९०००२.०० |
| जम्मा | | | | | ११९०८८.०० |
| ५६९\०८१\३\२२ | चतुरमर्ती इन्टरप्राइजेज, कटारी | HDEP खानेपानी पाइप खरिद | NS/20MM/PN16 | 6535 Mtr. | २८८७३५.०० |
| | | | NS/40MM/PN12.5 | 500 Mtr. | ६९७७८.०० |
| | | | NS/32MM/PN12.5 | 400 Mtr. | ३५२११.०० |
| | | | NS/25MM/PN16 | 700 Mtr. | ५३३९३.०० |
| | | | NS/32MM/PN10 | 600 Mtr. | ४५९३५.०० |
| | | | NS/25MM/PN12.5 | 400 | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | Mtr. | २२६४५.०० |
| | | | NS/140MM/PN10 | 72 Mtr. | १००५२०.०० |
| | | | NS/90MM/PN10 | 390 Mtr. | २२८२८३.०० |
| जम्मा | | | | | ८४४५००.०० |
| कुल जम्मा | | | | | २००००००.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,००,००० |

४० **कार्य पुर्व भुक्तानी**

नगरपालिका पुंजीगत- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्रि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्नेछ ।पालिकाले निम्न बिद्यालयहरुलाई लागत अनुमान तयार गरी उक्त आधारमा नापी तथा कार्यसम्पन्न बेगर अग्रिम रुपमा रकम निकासा गरेको छ । अग्रिम रुपमा रकम निकासा गरी खर्च लेखेको र लेखापरीक्षण अवधिसम्म पनि उक्त खर्च पुष्ट्राई गर्ने प्रमाण पेश भएको छैन । कार्यसम्पन्न बेगर अग्रिम रुपमा रकम भुक्तानी गर्नु नियम विपरित रहेको देखिन्छ । अतः उक्त खर्च पुष्ट्राई गर्ने गरी कार्यसम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम सम्बन्धितबाट असुल फछौंट गर्नुपर्ने रू.

| **गो.भा.न.\मिति** | **भुक्तानी शिर्षक** | **भुक्तानी गरिएको बिद्यालय** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १५९\०८०\१२\६ | उपमेयर नगर बिकास कार्यक्रम | सरस्वती माध्यमिक विद्यालय, हर्देनी | ३५००००.०० |
| २४१\०८१\२\२ | थलिया आ.बि.थलियाटार | जनता आ.बि.(१-८), थलिया | २०००००.०० |
| २४३\०८१\२\२ | माङगफाङ आ.बि. बबला व्यबस्थापन | आधारभुत विद्यालय बाबाला मंगफाटोल | २०००००.०० |
| २५३\०८१\२\४ | श्री जनप्रिय आ.बि. कुरिङ्ग भन्जयाङ्ग जाली निर्माण | जयप्रिय आधारभुत विद्यालय कुरिङ्ग भन्ज्याङ्ग | १०००००.०० |
| २६९\०८१\२\११ | श्री सिद्धवती आधारभुत विद्यालय ढुंगे मर्मत | सिद्दवती आ.बि. ढुंगे | १०००००.०० |
| २७०\०८१\२\११ | वडा स्तरीय बिजुली बत्ती बिस्तार | सरस्वती मा.बि. हर्देनी | २०००००.०० |
| २९४\०८१\२\२० | जनजाती भवन मर्मत योजना | मा.बि. मयांखु माध्यामिक विद्यालय मयांखु | १०००००.०० |
| **जम्मा** | | | १२५००००.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,५०,००० |

४१ **कटारी नगरपालिका प्रशासकिय भवन**

४१.१ पालिकाले कटारी नगरपालिकाको प्रशासकिय भवन निर्माणका लागि मिति २०७९।१०।२० मा भुस्नाम्छा प्राईम बेल्टार जेभीसँग (ठे न ५-०७९।८०) रु ५४८८४४१९।३६ (मुअकर समेत) मा मिति २०८१।३।१५ सम्म सम्पन्न गर्ने गरी सम्झौता भएकोमा भेरिएसन समेत रु ६३८१४३८४।०० मूल्य कायम गरी हालसम्म रु ६०१४१७२८।९७ भुक्तानी भएको छ । भवन निर्माण संरचना सम्बन्धमा गत विगतमा भुईतल्ला निर्माण भैसकेको र लामो समयसम्म निर्माण सुचारु हुन नसकि अधुरो रहेको अवस्थामा नयाँ खरिद सम्झौता गरेको देखिएको र अघिल्लो खरिद सम्झौता सम्बन्धी कागजात तथा अभिलेख लेखापरीक्षणमा पेश हुन सकेन । यस बर्षको अन्त्यसम्म निर्माण कार्यको करिव ९६ प्रतिशत वित्तीय तथा ९० प्रतिशत भौतिक प्रगति भएको देखिन्छ । भौतिक तथा वित्तिय प्रगति मध्ये भेरिएसन भै थप भएको नयाँ इलेक्ट्रिफिकेशनको कार्य एसि जडान र खानेपानी व्यवस्थापन लगायत समावेश भएको छ भने भवनको सवै व्लकको फिनिसिङ्ग, सेनिटरि एसि जडान र इलेक्ट्रिफिकेशनको कार्य वाँकी रहेको देखिन्छ । खरिद नियमावली अनुसार म्याद थप गरी तोकिएको अवधिमा निर्माण कार्य सम्पन्न गरी नयाँ भवनबाट सेवा प्रवाह गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

४१.२ लिफ्ट जडानः भवन ठेक्कामा लिफ्ट समेत जडान गर्नेगरी सम्झौता गरेकोउक्त लागत अनुमानको विओक्युमा SUPPLY 1200mm * 1400 mm lift 6-1O PERSON PASSENGER LIFT 3 FLOOR WITH INCLUDING MECHINE SETUP AND INSTALLATION with 1 year Warranty को आइटम समेत समावेश गरेको देखिन्छ । जसका लागि रु २५ लाख मुअकर वाहेक समावेश भएकोमा रु २१ लाख (मुअकर वाहेक) भुक्तानी गरेको देखिन्छ । स्थलगत अनुगमनको क्रममा ३ थ्री फेज लाईन जडानको अभावमा सञ्चालनमा आएको नदेखिएकोले विओक्युमा उल्लेखित गुणस्तर र क्षमताको जडान भएको एकिन गरी सञ्चालनमा ल्याउनुपर्ने देखिन्छ ।

४१.३ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्तवमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाको प्रशासकिय भवन निर्माणका लागि भेरिएसन समेत रु ६३८१४३८४।०० मूल्य कायम गरी हालसम्मको कार्यको मुल्याङ्कन रु ६०१४१७२८।९७ भुक्तानी गर्दा ३० प्रतिशत मुल्य अभिवृद्धि कर रु २०६५१२६।००, अग्रिम कर रु ७९८८६९।५८ र धरौटी रु २६६२८९८।६३ समेत जम्मा रु ५५२६८५०।११ कट्टागरी रु ५४६१४८८७८।८६ भुक्तानी गर्नुपर्नेमा रु ५५०२२३६७।०० भुक्तानी गरी रु ४०७४०८।०० बढी भुक्तानी भएको देखिएकोले एकिन गरी असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,०७,४०८ |

४२ **सीमा भन्दा बढी खर्च**

कोशी प्रदेश समपुरक अनुदान कार्यविधि, २०७५ को दफा ११ (६) मा समपुरक अनुदानमा सञ्चालन गरिने परियोजनामा कन्टिजेन्सी बापत लागतको २ प्रतिशत भन्दा बढी राख्न नपाइने व्यवस्था छ । यो बर्ष पालिकाले प्रदेश समपुरक अनुदानवाट चुला ढुंगा बेली ब्रिज (पुल) मरुवा खोला, कटारी-४ का लागि रु. ४५,८०,७२९।०० बजेट खर्च गरेकोमा सोको २ प्रतिशतले हुने रु ९१६१५।०० मात्र कन्टिन्जेन्सी खर्च गर्नुपर्नेमा रु ६,५४,२३५।०० खर्च गरेको देखिएकोले रु ५,६२,६२१।०० बढी खर्च लेखेको छ । कार्यविधिमा भएको व्यवस्था भन्दा वढी कन्टीजेन्सी खर्च गरेको रकम प्रदेश संचितकोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,६२,६२१ |

४३ **प्राविधिक प्रतिवेदन**

गो.भा.न. ७।२०८०।०८।१८ र २३१।२०८१।१।२८

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १२ मा कार्यालयले बहुबर्षीय दायित्व सिर्जना हुने गरी कार्यक्रम संचालन गर्नुपर्ने भएमा बजेट सुनिश्चित गरी स्वीकृत लिनुपर्ने व्यवस्था छ । पालिकाले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमबाट झोलुङ्गे पुल सहभागिता (वडा नं. १ र १० को सहभागिता समेत को तिम्नाही कमला खोला वडा न १ झोलुङ्गे पुल निर्माण कार्यको लेखराज - हिम श्रृंखला जे.भीसंग रु ३४३७४६००।०० सम्झौता गरी स्टीलपार्टसस खरिद वापतको रु ५६०००००।०० भुक्तानी गरेको देखियो । स्टीलपार्टस वापतको भुक्तानी गर्दा गुणस्तर परीक्षण प्रतिवेदन पेश नभएकोले पेश हुनुपर्दछ । साथै बजेट सुनिश्चतता नभएको कारण समयमा बजेट विनियोजन नभएकोले प्राप्त स्टीलपार्टसको प्रयोग गरी जडान भएको प्राविधिक प्रतिवेदन तयार गरेको नदेखिएकोले प्राविधिक प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ ।

४४ **विविध खर्च**

५२७।२०८०।११।१० विविध खर्च शिर्षकबाट अदालतको मुद्दा नं २०८० ०६५० को अन्तरिम आदेश छलफलमा स्थानीयलाई सहभागि गराउनुपर्ने आधार वेगर अनावश्यक व्यक्तिको काठमाण्डौको होटल वास र खाना खर्चको रु ६७५००।०० सोधभर्ना खर्च लेखेको देखियो । प्रतिवादी उल्लेख नभएका ११ जना अनावश्यक व्यक्ती देखाई १ भन्दा बढी दिनको होटल वास र खाना खर्च समावेस गरी खर्च लेखेको देखिएकोले अनावश्यक खर्च नियन्त्रण गर्नुपर्दछ ।

४५ **बैठक तथा प्रस्तुतिकरणमा भत्ता**

सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धि मापदण्ड, २०७७ को ६(६) ले एउटै निकाय र अन्तर्गतको पदाधिकारी वा कर्मचारी मात्र बैठक बसेको भए त्यस्तो बैठकको लागि बैठक भत्ता उपलब्ध नगराउने व्यवस्था छ । वैदेशिक रोजगारबाट फर्कि आएकाहरुको पुन एकीकरण परियोजना (रेमि कार्यक्रम) को वार्षिक समीक्षा तथा योजना तर्जुमा गोष्टी कार्यक्रममा रु ६५०००।०० खर्च लेखेको छ । एउटै निकायका पदाधिकारी संलग्न बैठक तथा प्रस्तुतिकरणको कार्यक्रममा भत्ता दिन नपाईनेमा पालिकाकै कर्मचारीलाई सहभागि तथा प्रस्तुतिकरण भत्ता रु ३११००।०० भुक्तानी गरी खर्च लेखेकोले देखिन्छ । अत: यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

४६ **धरौटी रकम कट्टी नगरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (४) मा सार्वजनिक निकायले रनिङ विल वा वजिको भुक्तानी दिदा ५ प्रतिशत धरौटी रकम कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार भुक्तानीमा धरौटी कट्टा गरेको छैन । निर्माण कार्यको भुक्तानीमा धरौटी रकम कट्टा नगर्दा सम्पन्न भएको काममा त्रुटी देखिएमा त्यसलाई सच्याउन नसकिने हुँदा कट्टा नभएको धरौटी रु २४७७८७।०० कट्टा गरी धरौटी खातामा दाखिला गर्नुपर्ने रु.

| भौ.न. र मिति | निर्माण व्यवसायि | निर्माण कार्यको विवरण | रकम | धरौटी रकम |
|---|---|---|---|---|
| ७/०८०।८।१८ | लेखराज - हिमश्रृंखलाजे . भी. | तिम्नाहीखोला झोलुङ्गे पुल | ३५०००० | १५४८६७ |
| २३१/०८१।१।२८ | लेखराज - हिमश्रृंखलाजे . भी. | तिम्नाहीखोला झोलुङ्गे पुल | २१०००० | ९२९२० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४७,७८७ |

४७ **बचत रकमबाटअर्को कार्यक्रम**

विनियोजन ऐन, २०८० को दफा ६ को उपदफा १० मा सशर्त, समपूरक र विशेष अनुदानको रकम खर्च नभई बचत भएमा सोही आर्थिक वर्षभित्र सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नु पर्ने उल्लेख छ । विशेष अनुदान सम्वन्धी कार्यविधि २०७७ को सि. नं. ८ मा जुन कार्यक्रमको लागि बजेट प्राप्त भएको हो सोही कार्यक्रमको लागि बजेट खर्च गर्नुपर्ने र सिं. नं. ९ (क) मा अर्को कार्यक्रमको लागि रकमान्तर गर्न नपाईने उल्लेख छ। नगरपालिकाले संघीय सरकारबाट प्राप्त विशेष अनुदानबाट खर्च गर्नेगरी कटारी न. पा. वडा नं. २ गुरास भित्रि बाटो स्तरोन्नति निर्माण गर्न रू. २५०००००।०० को लागत अनुमान तयार गरी प्रतिस्पर्धाबाट छनौट भएको निर्माण व्यवसायी रिपब्लिक कन्ट्रक्सन प्रा.लिसँग रू. १४७१४७७।०० को सम्झौता गरी गोश्वारा भौचर ४५।२०८१।०३।९ बाट रू. १४७१४७७।०० भुक्तानी दिएको देखियो । उक्त कार्यक्रमबाट वचत भएको रकमबाट कोटेशन मार्फत सोही योजनामा कार्य गराई निर्माण व्यवसायी मकालु निर्माण सेवालाई गोश्वारा भौचर नं.५७।२०८१।३।२० बाट रू. ९९३३५६।०० खर्च गरेको देखियो । कार्यविधि अनुसार बचत भएको रकम पुन अर्को कार्यक्रममा खर्च गर्न नमिल्नेमा रू. ९९३३५६।०० खर्च गरेको नियम सम्मत देखिएन ।

४८ **अग्रिम आयकर**

आयकर ऐन २०५८ को दफा ८९ को ३क मा उपभोक्ता समिति मार्फत काम गराउनेगरी गरीएको ५० लाख भन्दा वढिको भुक्तानी रकममा १.५ प्रतिशतका दरले अग्रिम आयकर कट्टा गर्नुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले स्वीस सरकार विकास सहयोग एसडीसीले ३० प्रतिशत, संघीय सरकार २० प्रतिशत, प्रदेश सरकार २० प्रतिशत, स्थानीय तहको २० प्रतिशत र उपभोक्ताको १० प्रतिशत लागत साझेदारी रहने गरी गिद्धबर सिंचाई कुलो जल उपभोक्ता संस्थासंग लागत अनुमान रु ६६०५६८८।०० सम्झौता गरी रु ६६०५६८८।०० भुक्तानी गरेको छ । जसमा रु ९९०८५।००२ अग्रिम आयकर कट्टा गर्नुपर्नेमा रु ५२४४४।०० मात्र कट्टा गरेकोले रु ४६६४१।०० घटि कट्टागरेको असुल गरी दाखिला हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४६,६४१ |

४९ **दोहरो भुक्तानी**

६४०।२०८१।३।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट कार्यक्रम र उपलब्ध स्रोत समेतको आधारमा खर्चको आदेश दिनुपर्ने र सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । स्वीस सरकार विकास सहयोग एसडीसीले ३० प्रतिशत, संघीय सरकार २० प्रतिशत, प्रदेश सरकार २० प्रतिशत, स्थानीय तहको २० प्रतिशत र उपभोक्ताको

१० प्रतिशत लागत साझेदारी रहने गरी गिद्धबर सिंचाई कुलो जल उपभोक्ता संस्थासंग लागत अनुमान रु ६६०५६८८।०० सम्झौता गरी भुक्तानी गरेकोमा पुन पूजीगत शिर्षकबाट ६४०।२०८१।३।२४ गिद्धबर कुलो मर्मत (रविलाल कटेलको घरमुनी)-२ उ स लाई गिद्धबर कुलो मर्मत वापत रु ४८५६८५।०० भुक्तानी गरेकोले दोहरो नभएको एकिन हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८५,६८५ |

५० **ट्याककोट**

सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ । पालिकाले ठेक्का नं.02/Uda/Katarimun/2078/079 को निर्माण कार्यका लागि रू.४८.७१,२९३.३७ लागत अनुमानत तयार गरी भिमेश्वर कस्ट्रक्सन प्रा.ली. विराटनगरसंग रू.४८,६६,५९८.४० सम्झौता भएको छ । उक्त निर्माण कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी औसत ०.९ प्रति लिटरका दरले भुक्तानी दिएको देखियो । पालिकाले प्रति लिटर ०.३ बढी हुने गरी भुक्तानी दिएको परिमाणले हुने रु.४९५२३.०० असुल गर्नुपर्ने रु.

| ठेक्का नं.\योजना | ट्याककोट भुक्तानी भएको परिमाण | ट्याककोट भुक्तानी हुनुपर्ने परिमाण | बढी भुक्तानी भएको परिमाण | बि.ओ.क्यु दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| गरासभित्रि सडक कालोपत्रे निर्माण कार्य, कटारी | १४८५.५९ | ९९०.३६ | ४९५.२३ | १०० | ४९५२३.०० |
| जम्मा | | | | | ४९५२३.०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४९,५२३ |

५१ **पूर्वनिर्धारित क्षतिपूर्ति**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ ।ठेक्का नं. 02/Uda/Katarimun/2078-79 को गरास भित्रि सडक कालोपत्रे निर्माण कार्य (कटारी-३) गर्न भिमेश्वर कन्स्ट्रक्सन प्रा.ली. बिराटनगरसंग रु.४८,६६,५९८.४० मा सझौता भएको छ । मिति २०७९।२।१३ मा सम्झौता गरी २०७९।३।२५ मा सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा सो समय काम सम्पन्न नभई पुनः २०७९ फागुन मसान्तसम्म म्याद थप गरेकोमा उक्त म्याद भन्दा १४ महिना ६ दिन ढिलाइ गरी मिति २०८१\२\२ मा कार्य सम्पन्न भएको देखियो । खरिद सम्झौताको शर्तअनुसार तोकिएको समयमा कार्य गर्न नसकेको मनासिब माफिकको कारण खुलाई म्याद थप गरेको छैन । खरिद सम्झौताको पालना नगरी ढिलाई गरी कार्य गर्ने आपूर्तक तथा निर्माण व्यवसायीबाट सम्झौता रकमको १० प्रतिशत रु. ४८६६५९.८४ पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८६,६५९.८४ |

५२ **अन्तर सरकारी वित्तीय हस्तान्तरण तर्फको(को.ले.नि.का) प्रतिवेदनको व्यहोरा**

जटिल प्रकृतिको पेश्की- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ नियम ५२ बमोजिम एक आर्थिक बर्षमा गएको पेश्की सोही आर्थिक बर्षमा फर्छौट हुन बाँकी रहेमा आगामी बर्षमा जिम्मेवारी कायम गर्नुपर्ने व्यबस्था छ ।कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण गर्न दिएका निम्न संस्था तथा व्यक्तिको म्याद नाघेको\ननाघेको पेश्की आर्थिक बर्षको अन्तसम्म फर्छौट भएको छैन ।अतः पेश्की रकम रू.१३१३४२००.०० नियमावलीको प्रक्रिया पुर्याई जिम्मेवारी सारी फर्छौट गर्नुपर्ने देखिन्छ ।

| क्र.स. | पेश्की लिने संस्था\व्यक्तिको नाम | रकम |
|---|---|---|
| १ | राष्ट्रिय वाणिज्य बैंक | १७९५२००.०० |
| २ | एन एम बि बैंक | ३२०१६००.०० |
| ३ | सुर्य ब. खड्का | १००००.०० |
| ४ | नेत्र कुमार पौडेल | २००००.०० |
| ५ | हस्त बहादुर दनुवार | १००००.०० |
| ६ | हरि बहादुर खत्री | १००००.०० |
| ७ | अमलेशं कुमार सिंह | १००००.०० |
| ८ | वडा नं.८ | ६२५४००.०० |
| ९ | सेन्चुरी कमर्सिय बैंक | ७४२००००.०० |
| १० | वडा नं. ४ | १२०००.०० |
| ११ | बुद्दि बिलास भट्टराई | १००००.०० |
| जम्मा | | १३१३४२००.०० |

५३ **वीमा**

नगरपालिका पुजीगत- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले सम्झौता गर्दा बिमा नगराउने तथा सम्झौता गर्दाका बखत बिमा गराएता पनि निर्माण कार्यको म्याद थप हुदा बिमाको पनि म्याद थप गर्नुपर्नेमा सो नगरी निर्माण कार्य स्वीकार गरेको देखिन्छ । कानुनमा भएको व्यबस्थाको पालना गर्नुपर्दछ । नमुना छनौटका रुपमा हेरिएका योजनाका केही उदाहरणः-

| **ठेक्का नं.\योजनाको नाम** | **निर्माण व्यवसायी** | **सम्झौता रकम** | **विओक्यूमा वीमा रकम** | **कैफियत** |
|---|---|---|---|---|
| KM/Udayapur/NCB/11/079/80 | जाल्पा देवी निर्माण सेवा, उदयपुर | ५१२२५९६.६२ | ५००००.०० | बिमाको म्याद सकिएको थप नभएको |
| 02/Uda/Katarimun/2078-79 | भिमेश्वर कनस्ट्रसन प्रा.ली., बिराटनगर | ४८६६५९८.४० | २०००००.०० | बिमा नगरेको |

५४ **नन्फाइलर**

नगरपालिका पुंजीगत- मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिनाको विवरण सो महिना समाप्त भएको २५ दिनभित्र पेश गर्नुपर्ने र भुक्तानी दिनेले समेत भुक्तानीको विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यबस्था छ । मुल्य अभिबृद्धि कर समेत भुक्तानी लिएका आपुर्तककर्ता तथा सेवा प्रदायकहरुले बुझाउनुपर्ने कर विवरण नबुझाई नन्फाइलर रहेको तथा कर विजक नभएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।

| गो. भौ. नं. | फर्म/ आपूर्तिकर्ताको संलग्न विल | प्यान नं. | जारी गरेको बिजक नं. | भुक्तानी/ बिजक रकम रु. | मुअकर कर रकमको ७० प्रतिशत | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|---|
| ४८ | प्रेम दुर्गा कन्स्ट्रक्सन एण्ड सप्लयार्स प्रा.ली., काठमाण्डौ | ६१०००६४९८ | ०२ | ३७४९३०.६१ | ३०१९३.३२ | Non-filer since 2080/T/2 |
| ५० | त्रिवेणी इन्जिनियरिङ्ग एण्ड सप्लायर्स प्रा.ली., उदयपुर | ६०६७८९२२० | ०१ | ८०२०९११८ | ६४५९३.२० | Non-filer since 2080/T/3 |
| ६४ | दिपज्योती सप्लायर्स, कटारी | ६०५५८४११ | २१ | २७८६१५.३४ | २२४३७.१६ | Non-filer since 2080/T/3 |
| जम्मा | | | | | ११७२२३.६८ | |

५५ **शिर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(क) मा विभिन्न शिर्षक तथा कार्यमा स्वीकृत भएको रकम सो शिर्षक तथा कार्यको लागि मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले देहायका भौरचबाट निम्नानुसार कार्य तथा शिर्षकबाट खर्च गर्दा शिर्षक तथा कार्यक्रम फरक पारी खर्च गरेको देखिएको छ । संघीय सरकारबाट तोकिएको कार्यक्रमको बजेटबाट अन्य कार्यमा खर्च गर्न नमिल्नेमा रु ४२४८६१।०० खर्च गरेको नियमसम्मत देखिएन ।

| भौ.न./मिति | स्वीकृत शिर्षकनं/खर्च प्रयोजन | खर्चभएको शिर्षक/कार्य र भुक्तानी पाउनेको नाम | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| ७६-०८१।३।२३ | वडा कार्यालय भवन निर्माण आयोजना (वडा नं. २, ६, ८, १०, ११, १३ र १४) | कटारी नगरपालिका प्रशासकीय भवन निर्माण, कटारी ३<br>भुस्नाम्छा / प्राईम / बेल्टारजे.भि. | ४२४८६१ | सशर्त अनुदानबाट अन्य कार्यमा खर्च गर्न नमिल्ने । |
| | | | अनियमित भएको | ४,२४,८६१ |

५६ **सोलार खरिद**

४३।२०८१।३।७ स्थानीय तहको लागि वैकल्पिक ऊर्जा कार्यक्रम कार्यान्वयन मार्गदर्शन (ऊर्जा मन्त्रालयको मिति २०७५।११।०२ को पत्र) को उपभोक्ताहरुको सर्वेक्षण गरी संकलित मागको आधारमा स्थानीय तह वा उपभोक्ता समितिबाट कम्तिमा १० प्रतिशत अनुदानमा वैकल्पिक उर्जा सँग सम्बन्धित सोलार तथा गोवरग्यास वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रको सिफारिसमा उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ । नवीकरणीय ऊर्जा प्रवधि जडान वितरण कार्यविधि अनुसार लक्षित वर्गलाई लागत सहभागितामा अनुदान वितरण गर्नुपर्नेमा कानून इन्टरप्राइजेजलाई पोल खरिद गरी सार्वजनिक सडकमा वत्ती जडानका लागि रु ८०००००।०० भुक्तानी गरेको देखियो । सार्वजनिक सडकमा वत्ती जडानको कार्य सम्वन्धित निकायको हुनेमा लक्षित वर्गलाई अनुदानमा वितरण गर्नुपर्ने कार्यक्रमबाट सडक बत्ती जडान गरी भुक्तानी गर्ने प्रवृत्ति नियन्त्रण हुनुपर्दछ ।

५७ **कार्यपालिकाबाट अनुमोदन नगराई खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६, ६७ र ७१ बमोजिम वार्षिक आय-व्ययको प्रक्षेपण, वितरणको खाका र बजेट सीमाभित्र रही तयार गरेको अनुमान कार्यपालिकाबाट स्वीकृत गरी प्रत्येक वर्षको आषाढ १० भित्र सभामा पेस गरी सोही महिनाको अन्त्यसम्म बजेट पास गरिसक्नुपर्ने व्यवस्था छ। दफा ७३ (७) मा सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने उल्लेख छ । यो वर्ष संघ तथा प्रदेशबाट प्राप्त हुने राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरण लगायत आन्तरिक स्रोततर्फको बजेट तथा कार्यक्रम बनाउँदा बेग्लाबेग्लै स्रोतगत खर्च देखिने गरी बजेट तयार गरेको देखिएन। खानी रोयल्टी तथा वन रोयल्टी वापत प्रदेश सरकारबाट प्राप्त राजस्व बाँडफाँडको रकम रु १७६५८५४७।६२ मध्ये रु १०५८१६७२।०० करारका कर्मचारीको महङ्गी भत्ता, वडा बैठक, मसलन्द खरिद, पत्रपत्रिका छपाई, अनुगमन मुल्यांकन र विविध जस्ता १३ अनुत्पादक शिर्षकमा सभाको स्वीकृत वेगरी खर्च गरेको छ । प्रदेश सरकारबाट प्राप्त राजस्व बाँडफाँड वापतको रकम कार्यपालिकाबाट स्विकृत तथा सभा बाट अनुमोदन नगराई खर्च

गरेको नियम सम्मत देखिएन । यस सम्वन्धमा अख्तियारमा समेत मुद्दा दायर भई छानविनको क्रममा रहेको जनाएको छ । वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटको मार्गदर्शन बमोजिम स्रोतको कुशल विनियोजन, प्रभावकारी कार्यान्वयन र अपेक्षित नतिजा प्राप्त हुने गरी स्रोतगत वर्गीकरणका आधारमा बजेट स्वीकृत गरी तथा सभा बाट समेत अनुमोदन गराई आर्थिक कारोबार गर्ने व्यवस्था मिलाउनुपर्नेमा नगरप्रमुखको आदेशमा र कार्यालय प्रमुखले प्रकृया नपुर्याई रु १०५८१६७२।०० सोझै खर्च गरेको नियमसम्मत नदेखिएकोले छानविन हुनुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | १,०५,८१,६७२ |

५८ **सिमाभन्दा वढि कन्टिनजेन्सी खर्च**

५८.१ आर्थिक कार्यविधि नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल/भरपाई र कागजात संलग्न भए/नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिनको लागी रीत पुगेको वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत ४४३ वटा घरधुरी कार्यक्रम मध्ये यस वर्ष १२ जनाको विलभरपाई पेश भएको आधारमा पेश्की फछर्यौट गरी रु २००००।०० दरले रु २४००००।०० खर्च लेखेको सोको ४ प्रतिसतका दरले ९६००।०० कन्टेन्जेन्सी खर्च लेख्नुपर्नेमा रु ७१४७३।०० खर्च लेखेकोले बढी खर्च लेखेको रु ६१८७३।०० संघीय सञ्चितकोष फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६१,४७३ |

५८.२ कोशी प्रदेश समपुरक अनुदान कार्यविधि, २०७५ को दफा ११ (६) मा समपुरक अनुदानमा सञ्चालन गरिने परियोजनामा कन्टिजेन्सी बापत लागतको २ प्रतिशत भन्दा बढी राख्न नपाइने व्यवस्था छ । यो बर्ष पालिकाले प्रदेश समपुरक अनुदानवाट कटारी सडक कालोपत्रे आयोजना (त्रि.मा.वि जाने दक्षिण तर्फ) का लागि रु. ८१,२५,०००।०० बजेट खर्च गरेकोमा सोको २ प्रतिशतले हुने रु १,६२,५००।०० मात्र बजेट खर्च गर्नुपर्नेमा रु २३३६३२।०० खर्च गरेको देखिएकोले रु ७१,१३२।०० बढी खर्च लेखेकोले कार्यविधिमा भएको व्यवस्था भन्दा वढि कन्टीजेन्सी खर्च गरेको रकम प्रदेश संचितकोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७१,१३२ |

५९ **प्रदेश समपूरक अनुदानको खर्च**

५९.१ कोशी प्रदेश समपूरक अनुदान सम्वन्धी कार्यविधि (दोश्रो संशोधन सहित) २०७९ को वुँदा नं.४(२) मा समपूरक अनुदान अन्तर्गत सञ्चालन हुनेगरी छनौट भएको आयोजना वा कार्यक्रमका लागि वजेटमा विनियोजित रकम मध्ये स्थानीय सञ्चित कोषवाट ३५ प्रतिशत भुक्तानी हुनु पर्ने व्यवस्था छ । योजनामा सम्झौता अनुसार यो बर्ष पालिकाले प्रदेश समपुरक अनुदानवाट कटारी सडक कालोपत्रे आयोजना (त्रि.मा.वि जाने दक्षिण तर्फ) का लागि रु. ८१,२५,०००।०० बजेट खर्च गरेकोमा सोको ३५ प्रतिशत रु.२८,४३,७५०.०० पालिकाको स्थानीय सञ्चितकोषवाट खर्च व्यहोर्नु पर्नेमा रु. १८४८००।०० मात्र व्यहोरेकोले रु २६,५८,९५०।०० प्रदेश सरकारको बढी रकम व्यहोरेको देखियो । घटी व्यहोरेको रकम स्थानीय सञ्चित कोषवाट प्रदेश संचितकोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,५८,९५० |

५९.२ पालिकाले प्रदेश समपुरक अनुदानवाट चुला ढुंगा बेली ब्रिज (पुल) मरुवा खोला, कटारी-४ का लागि रु. ४५,८०,७२९।०० बजेट खर्च गरेकोमा सोको ३५ प्रतिशत रु.१६,०३,२५५.०० पालिकाको स्थानीय सञ्चितकोषवाट खर्च व्यहोर्नु पर्नेमा रु. १५,११,६४०।०० घटी व्यहोरेको देखियो । घटी व्यहोरेको रकम स्थानीय सञ्चित कोषवाट प्रदेश संचितकोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,११,६४० |

६० **दायित्व बांकी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुबर्षीय खरिद र बिशेष परिस्थितिबाट सृजित दायित्व मध्ये आगामी बर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ ।साथै नियमावली, २०७७ को नियम ३९ को उपनियम २ मा कार्यालयले चालु आर्थिक बर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु हुदैन भनी उल्लेख गरेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुरुप गतबर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी(म.ले.प.फा.नं.२२१) प्रमाणित तथा यस बर्षको बजेटमा समेत गत बर्षको भुक्तानी दिन बाँकीको व्यबस्था गरी ४५ वटा योजनाको रु.१,३५,११,३१४.४४ भुक्तानी दिएको छ ।यसरी चालु आर्थिक बर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना हुने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ६० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६१ **शीर्षक फरक पारी खर्च**

नगरपालिका पुंजीगत- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली,२०७७ को नियम ३८ मा बजेट खर्च गर्न वा खर्च निकासा गर्न दिनु अघि स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको एकीन गर्नुपर्ने व्यवस्था छ । नमुना छनौटको रुपमा हेर्दा पालिकाले निम्नानुसारको फरक शीर्षकबाट खर्च भुक्तानी गरको छ। विनियोजित बजेट सम्बन्धित खर्च शिर्षकको अधिनमा रही खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । फरक शीर्षकमा खर्च गरेको रु. ६६७०००.०० रकम नियमित देखिएन रू.

| भौचर नं. र मिति | शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|
| १४८\०८०\११\३० | जिसस साझेदारी | २७००००.०० | ल्याबटप तथा डेक्स्टप खरिद |
| १५०\०८०\११\३० | जिसस साझेदारी | ९७०००.०० | मोटर पार्टस खरिद |
| ४९८\०८१\३\१९ | वडा स्तरीय विजुली बस्ती बिस्तार | १०००००.०० | कार्यालय व्यस्थापन |
| ५८६\०८१\३\२३ | वडा स्तरीय बिजुली बत्ती बिस्तार | २०००००.०० | बाक्सिङ्गे चिउरीडाँडा भालुखोला मोटरबाटो निर्माण |
| **जम्मा** | | ६६७०००.०० | |

| अनियमित भएको | ६,६७,००० |
|---|---|

६२ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत बार्षिक बजेटको अधिमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यबस्था रहेको छ । साथै पालिकाको विनियोजन ऐन, २०८० को दफा ३(२)मा समेत रकमान्तर सम्बन्धि व्यवस्था गरिएको छ । पालिकाले यस बर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट पूँजिगत शीर्षकमा रू.३६५३१४७१.६२ र चालु शीर्षकमा रू.२४९१००००.०० गरी जम्मा रू.६१४४१४७१.६२ रकमान्तर गरेको छ । उक्त रकम शुरु बजेटको तुलनामा ७.३२ प्रतिशत हुन्छ । यसरी बजेट रकमान्तर गरी खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

६३ **परामर्स तथा डीपी आर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले गत र यस बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| **गत बर्षको** | | | | |
| Preparation of Detailed Design, Drawings & Estimate of Dipendra Ma.Vi School Building and Municipality Building Steel Roof Truss and other Steel Works | A.P. Engineering Design Solution Pvt. Ltd. Jwagal, Lalitpur | 1733931.00 | 1617811.00 | नखुलेको |
| Consulting Sevices for Municiapal Transportation Master Paln (MTMP) of Katari Municipality. | Yashaswi Engineering and Research Center, Kathmandu | 494563.55 | 462680.00 | नखुलेको |
| **यस बर्षको** | | | | |
| Preparation of Detailed Design,Drawings & Estimate of Katari Municipality Staff Quarter DPR | श्री एटिम इन्जिनियरिङ्ग सर्भिस प्रा.ली. काठमाण्डौ | 498361.73 | 197976.00 | नखुलेको |
| Consulting Sevices for Preparation of Katari Integrated Park Development Project at Buspark area ward no-4 DPR | Nilbarahi Consultant Nepal Pvt. Ltd. New Banwshwor, Kathmandu | 997480.89 | 197750.00 | नखुलेको |

· यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। · डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

६४ **पारिश्रमिक कर**

आयकर ऐन 2058 को दफा ८७ को अनुसुची १ बमोजिम कर योग्य आय हुने पदाधिकारी तथा कर्मचारीको तलब भत्ता भक्तानी गर्दा पारिश्रमिक कर गणना गरी अग्रिम कर कट्टा गर्नुपर्ने उल्लेख छ । नियम अनुसार कर्मचारीलाई तलब भत्ता भुक्तानी गर्दा पारिश्रमिक कर कट्टा गरेको देखिएन । निम्नानुसार वार्षिक आयमा छुट पाउने खर्च कटाई लाग्ने पारिश्रमिक कर असुल गरी राजश्व दाखिला गर्नुपर्ने रू.

| कर्मचारीको नाम | कुल वार्षिक आय | कुल छुट | करयोग्य आय | कर रकम |
|---|---|---|---|---|
| प्र.प.अ. विनोद भट्टराई | ७५३३८१ | ६७११९६ | ८२१८५ | ८२१९ |
| जम्मा | | | | ८२१९ |

| असुल गर्नुपर्ने | ८,२१९ |
|---|---|

६५ **पालिकाबाट शिक्षक नियुक्ति**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ताका लागि ससर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। चालु समनिकरण अनुदानबाट विद्यालयलाई रकम निकासा गर्दा स्विकृत दरवन्दि, शिक्षक विद्यार्थि अनुपात र शिक्षक नियुक्ति प्रतिस्पर्धात्मक विधिबाट हुनु पर्दछ ।वडाबाट यस वर्ष दरवन्दी थप गरी ३३ विद्यालयमा शिक्षक नियुत्त गरी रु ८६४३००० खर्च लेखेको पाइयो। पालिकाले शिक्षक विद्यार्थि अनुपात विश्लेषण नगरेको , दरवन्दि रिक्त नरहेको र नियुत्ति प्रकृया प्रतिस्पर्धात्मक समेत नदेखिएको साथै शिक्षक नियुत्ति पश्चात विद्यार्थि संख्या थप भए नभएको शैक्षिक गुणस्त बृद्धि भए नभएको विश्लेषण गरेको पाइएन । दरबन्दी स्वीकृत नगरी शिक्षक नियुक्त गरी भुक्तानी दिएको अनियमित देखिएको रू.

| अनियमित भएको | ८६,४३,००० |
|---|---|

६६ **खेलकुद क्लव दर्ता नभएको**

कटारी नगरपालिका खेलकुद विकास समिति गठन संचालन तथा व्यवस्थापन कार्यविधि२०७९को वुदाँ १०मा अनुसार खेलकुद संचालन गर्ने संस्थाहरु नगर खेलकुद विकास समितिमा दर्ता हुन पर्ने व्यवस्था रहेकोमा १० वटा खेलकुद क्लव दर्ता नभई खेलकुद कार्यक्रम संचालन गरी रु १८६३१६५ खर्च लेखेको पाइयो ।कार्यविध विपरित खेलकुद संचालन भएको रकम अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १८,६३,१६५ |

६७ **दोहोरो भुक्तानी**

नगरपालिका चालु- गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ उपदफा ३ को अनुसुची १(ख) अनुसार यातायात खर्च वापत वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई रु.४५०० मासिक सुविधा पाउने व्यवस्था छ। तर पालिकाले मासिक सुविधा यातायात वापत रु.४५०० भुक्तानी गरेको अवस्थामा पुन नगरकार्यपालिकाको आ.व. २०७९।८० को नगर कार्य पालिकाको कार्यालयको निर्णय नं. २०(ज) अनुसार आ.व. २०७९।८० को लागि वडा अध्यक्षज्युहरुको प्रति मासिक २०लि पेट्रोल र कार्य पालिका सदस्यहरुकलाई प्रति महिना ७ लि पेट्रोल तथा वडा अध्यक्षहरुलाई सवारी साधन मर्मत खर्च वापत बार्षिक रु. २०००० दिने निर्णय अनुसार भुक्तानी भएको छ। यसरी सवारी साधन प्रयोग नगरेको अवस्थामा यातायात खर्च भुक्तानी लिएकोमा पुन कार्यपालिकाको निर्णयबाट मासिक सुविधा पारित गरी खर्च गर्नु ऐनको प्रावधान विपरित देखिन्छ। ऐनमा भएको व्यवस्था विपरित निर्णय गरी दोहोरो खर्च गरेको रकम असुल गर्नुपर्ने रु.

| पद | पदाधिकारीको नाम | ईन्धन प्रति लिटर रु | ईन्धन जम्मा लिटर | जम्मा ईन्धनकोमूल्य |
|---|---|---|---|---|
| वडा अध्यक्ष १ | पदम लाल मगर | १६५ | 220 | 36300.00 |
| वडा अध्यक्ष २ | प्रेम बहादुरक्षेत्री | १६५ | 220 | 36300.00 |
| वडा अध्यक्ष ३ | पुस्कर खड्का | १६५ | 240 | 39600.00 |
| वडा अध्यक्ष ४ | भुपेन्द्र सिंहतामाङ्ग | १६५ | 240 | 39600.00 |
| वडा अध्यक्ष ५ | मोहन बहादुर तामाङ्ग | १६५ | 240 | 39600.00 |
| वडा अध्यक्ष ६ | प्रेम बहादुर मगर | १६५ | 240 | 39600.00 |
| वडा अध्यक्ष ७ | सुविन ढुंगाना | १६५ | 180 | 29700.00 |
| वडा अध्यक्ष ८ | नविन्द्र कुमारतामाङ्ग | १६५ | 120 | 19800.00 |
| वडा अध्यक्ष ९ | बेग बहादुर आलेमगर | १६५ | 180 | 29700.00 |
| वडा अध्यक्ष १० | क्षेत्र बहादुरखड्का | १६५ | 240 | 39600.00 |
| वडा अध्यक्ष ११ | अनन्त हायु | १६५ | 210 | 34650.00 |
| वडा अध्यक्ष १२ | यम्बर हादुरकटुवाल | १६५ | 220 | 36300.00 |
| वडा अध्यक्ष १३ | शम्भु श्रेष्ठ | १६५ | 240 | 39600.00 |
| वडा अध्यक्ष १४ | अम्बर बहादुर मगर | १६५ | 240 | 39600.00 |
| कार्यपालिका स. | भगवती अधिकारी | १६५ | 77 | 12705.00 |
| कार्यपालिका स. | देवी कुमारी घिमिरे | १६५ | 77 | 12705.00 |
| कार्यपालिका स. | सम्झना मुरी मगर | १६५ | 77 | 12705.00 |
| कार्यपालिका स. | गिता कुमारी गिरी | १६५ | 77 | 12705.00 |
| कार्यपालिका स. | मेलिना श्रेष्ठ | १६५ | 77 | 12705.00 |
| कार्यपालिका स. | हेम कुमारी विश्वकर्मा | १६५ | 77 | 12705.00 |
| कार्यपालिका स. | मन्जु कुमारी राईदनुवार | १६५ | 77 | 12705.00 |
| कार्यपालिका स. | जितेन्द्र बराईली | १६५ | 49 | 8085.00 |
| जम्मा | | | 3618 | 596970.00 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,९६,९७० |

६८ **सट्टा शिक्षक**

नगरपालिका चालु कार्यसंचालन निर्देशिका २०८०।८१ मा दरवन्दिको शिक्षक रहेको अवस्थामा सट्टा शिक्षक राख्ने व्यवस्था नभएकोमा त्रिवेणी मावीमा मा.वी. शिक्षक सुर्य बहादुर कार्कीको सट्टा शिक्षकमा दिपक कुमार पौडैललाई नियुक्ति गरी बार्षिक रु ५,१९,९५७/- भुक्तानी भएको अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ५,१९,९५७ |

६९ **इन्धन खर्चको मापदण्ड**

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को सिलसिलामा खर्च गर्दा कार्यालय सामान, मसलन्द, पानी, बिजुली, इन्धन जस्ता खर्चमा मितव्ययीता कायम हुने गरी खर्च गर्नु पर्ने उल्लेख छ । त्यसैगरी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी जीप २, दमकल १, सव बाहन१, ट्रयाक्टर २, ट्रिपर १ समेत ७ वटा चारपांग्रे गाडी र मोटरसाइकल/स्कुटर २९ समेतलाई यस वर्ष कार्यालय प्रयोजनार्थ रु. ६१,११,८०५ /- इन्धन खर्च गरेको छ । कार्यालयले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । अतः इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ।

७० **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विविधमा रु. ४८,०९,४८३/- खर्च गरेको पाइयो । पालिकाले अतिथि सत्कारमा रु १९,५१,९३२/- , कार्यालय समयमा चिया नास्त रु१२,०९,७०८/-, बैठक कार्यक्रममा खाजा रु १२,१०,३२१/- र डेलिगेशन खर्चमा रु ४,३८,२३०/- खर्च गरेको विवरण पेश गरेको छ। विविध खर्च लेख्दा प्रयोजन नखुलाई पालिका अन्तर्गत चमेना गृहका अतिरिक्त विभिन्न होटल तथा रेस्टुराँको बिल भरपाई संलग्न गरी खर्च गर्ने गरेको पाइयो।पालिकाले मितव्ययी रुपमा विविध खर्च गर्दै यस्ता खर्च नियन्त्रण गर्नुपर्दछ ।

७१ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमण अभिलेख राख्नु पर्ने उल्लेख छ भने नियम १८ मा भ्रमण प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । त्यस्तै स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १६ मा मेयर/ अध्यक्षबाट प्रमुख प्रशासकिय अधिकृतलाई काज खटाउन सक्ने व्यवस्था छ । पालिकमा यस वर्ष अनुगमन तथा दैनिक भ्रमण भत्तामा रु १६३०१९४ खर्च लेखेको पाइयो । प्रमुख प्रशासकिय अधिकृतलाई जिल्ला वाहिर काज खटाउदा मेयरबाट स्विकृत लिएको पाइएन । भ्रमण अभिलेख दर्ता भएको पाइएन भने भ्रमण प्रतिवेदन २/४ वटा बाहेक अधिकंशले प्रतिवेदन पेश गरेको पाइएन । ऐन नियममा भएको व्यवस्था पालना हुनु पर्दछ।

७२ **टुक्रा पारी खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुरी गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र नियमावली, २०६४ को नियम ८४ मा २० लाख रुपैयासम्म भए शिलवन्दी दरभाउपत्र र सोभन्दा बढी भए नियम २१ अनुसार बोलपत्रको माध्यमबाट खरिद एवं निर्माण कार्य गराउनु पर्ने उल्लेख छ।नगरपालिकाले खरिद सम्बन्धि कार्य पटक पटक गरी देहाय बमोजिम सिधै खरि गरेको देखिएको छ। ऐनको प्रावधान कार्यान्वयन नगरी टुक्रा पारी खरिद गर्ने कार्य देखिएकोले यस्तो खर्च नियन्त्रण गरी सार्वजनिक खरिद नियमावली वमोजिम खरिद कार्य नगरेको अनियमित देखिएकोले यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ।

| भौ न मिति | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| ११५-६।२५ | निश्मा अफसेट प्रेश | मसलन्द तथा कार्यालय सामान | ९४४५० |
| ११६-६।२५ | शुभकामना फोटो स्टुडियो | मसलन्द तथा कार्यालय सामान | ६१९३८ |
| १२८-६।२६ | नारायण व्याग उद्योग | मसलन्द तथा कार्यालय सामान | ५००१३ |
| १३५-६।२६ | सम्झना सप्लार्यस एण्ड ट्रेर्डस | मसलन्द तथा कार्यालय सामान | ९७६८३ |
| १५०-७।२१ | पि एण्ड पि सप्लार्यस | मसलन्द तथा कार्यालय सामान | ९९९९३६ |
| १९८-८।२० | शुभकामना फोटो स्टुडियो | मसलन्द तथा कार्यालय सामान | ५०७६० |
| ७८७-१।२४ | सगरमाथा जनरल सप्लार्यस | मसलन्द तथा कार्यालय सामान | ९९७६७ |
| ९०९-२।२० | गिता जनरल स्टोर्स | मसलन्द तथा कार्यालय सामान | ५६८२५ |
| ९२६-२।२४ | एडभान्स गुडविल प्रिन्टीङ्ग प्रेश | मसलन्द तथा कार्यालय सामान | ९८९८८ |
| ११३२-३।१४ | गिता जनरल स्टोर्स | मसलन्द तथा कार्यालय सामान | ८११३० |
| १२२८-३।२० | ढुङ्गाना पुस्तक पसल | मसलन्द तथा कार्यालय सामान | ६७५६० |
| १२३०-३।२० | मोरङ्ग ट्रेड लिङ्क | मसलन्द तथा कार्यालय सामान | १९३४८४ |
| १२४०-३।२० | गिता जनरल स्टोर्स | मसलन्द तथा कार्यालय सामान | ६४२४० |
| जम्मा | | | **२०१६७७४** |

### ७३ संझौता विपरित खर्च

नगरपालिका चालु २५-१।२४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने वील भपाई प्रमाण र कागजात सम्लग्न हुनुपर्ने उल्लेख छ। चन्द्रावती महिला बहुउदेश्य संस्थाको सार्वजनिक सौचालय निर्माण गर्ने गरी लागत अनुमात तथा सम्झौता भएकोमा सम्झौता विपरित ल्यापटप खरिद गरेको पाइएकोले उत्त सामान लागत अनुमान तथा नापीमा समेत उल्लेख नभएकोले उत्त सामान फिर्ता गरी कार्यालयमा जिन्सी दाखिला हुनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७१,००० |

### ७४ वितरणको भर्पाइ पेश नभको

नगरपालिका चालु १३५६-३।२३ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने वील भपाई प्रमाण र कागजात सम्लग्न हुनुपर्ने उल्लेख छ । पालिकाले चिलिङ्ग भ्याट १ थान र मिल्क क्यान ४० लिटरको ३ थान खरिद गरेकोमा सम्बन्धित सरोकार वालालाई वितरण गरेको नपाइएकोले सोको वितरण गरेको भर्पाइ पेश नभएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९०,४६० |

### ७५ अन्य निकायको खर्च

पालिकाले आफ्नो छेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका सघ सस्था र कार्यालयलाहरुलाइ निम्नानुसारको खर्चको भुक्तानी दिएको छ । अन्य सरकारी कार्यालयहरुको खर्च तालुक मन्त्रालयको स्वीकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको एकिन गर्न सकिएन । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने

देखिन्छ । यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका कार्यालय तथा संघसस्थाहरुलाइ विभिन्न कामको लागि भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको रु.

| भौ.नं. मिति | कार्यलयको नाम | विवरण | रकम |
|---|---|---|---|
| ३४६-९।१२ | प्रहरी चौकी बेलसोत | डेस्कटप प्रिन्टर | १०३९९३ |
| २३६-८।२१ | इलाका प्रहरी कार्यालयकटारी | गाडी मर्मत | ११९२५० |
| २४४-८।२१ | इलाका प्रहरी कार्यालय कटारी | गाडी मर्मत | १४३३३१ |
| २७१-८।२५ | प्रहरी चौकी रिक्यु | कार्यालय व्यवस्थापन | ५०००० |
| ५८५-१२।२० | इलाका प्रहरी कार्यालय कटारी | | १४००० |
| ६५७-१२।४ | प्रहरी चौकी बेलसोत | कार्पेट | १३५०० |
| ६६०-१२।५ | प्रहरी चौकी वेतिनी | कार्यालय व्यवस्थापन | ३९९९५ |
| ६७५-१२।६ | | राइस स्टिमर | ५५००० |
| १३३३-३।२२ | इलाका प्रहरी कार्यालय कटारी | गाडी मर्मत | ९५४५१ |
| ८३८-२।३ | जिल्ला प्रहरी कार्यालय उदयपुर | I dare no drugs | ११५३०० |
| जम्मा | | | ७४९८२० |

| अनियमित भएको | ७,४९,८२० |
|---|---|

७६ **बढी भुक्तानी**

नगरपालिका चालु ६०५ -११।२२ आधारभुत विद्यालय लामी दुहालीको फिल्ड निर्माणको मुल्याङ्कन रु १०६५२४ रहेकोमा उपभोक्ताको अंश कट्टा गरी रु ९५००० भुक्तानी गर्नुपर्नेमा रु १ लाख भुक्तानी गरेकोले बढी भुक्तानी भएको रू. ५०००.00 असुल हुनुपर्ने रू.

| असुल गर्नुपर्ने | ५,००० |
|---|---|

७७ **शिर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व ऐन २०७७को नियम ३३मा कुनै कार्यक्रम कार्यान्वियन गर्न नसकिने भएमा वा स्विकृत कार्यक्रम भित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नु पर्ने अवस्था भएमा सम्वन्धित कार्यालयले त्यस्तो कार्यक्रम सम्पन्न गर्न नसक्नाको कारण तथा नयाँ कार्यक्रम संचालन गर्नु पर्ने आधार उल्लेख गर्नु पर्ने व्यवस्था छ। कार्यालयले देहायका कार्यक्रम परिवर्तन गरी अर्को कार्यक्रम संचालन गर्दा उचित कारण र पुस्टयाई वेगर कार्यक्रम संशोधन गरी विकास निमार्ण तथा उत्पादनमूलक कार्यक्रममा खर्च गर्नु पर्नेमा पालिकाले खर्च गर्न सजिलो परिमाण नआउने कार्यमा खर्च गरेको पाइन्छ । यसका उदाहरण देहाय अनुसार छन् :-

| भौ.नं. मिति | सुरुको कार्यक्रम | संशोधित कार्यक्रम | संशोधित कार्यक्रममा खर्च गरेको विवरण | रकम |
|---|---|---|---|---|
| १२०५-३। १९ | विपन्न परिवार स्वास्थ विमा कार्यक्रम ५०% | सामाजिक सुरक्षा भत्ता सहजिकरण | वडा कार्यालय उदघाटन विविध खर्च रु ५४४०<br>१० नं.वडा बैठक विविध रु १७५५०<br>१० नं.वडा बैठक विविध रु१८३५०<br>१०नं.वडा शिक्षा समिति बैठक विविध रु १७५००<br>१० नं.वडा बैठक विविध रु ३४७०० | ८८१०० |
| १२११-३। १९ | विउविजन माटोपरिक्षण प्लास्टिक टनेल स्प्रे ट्याङ्की फलफुल विरुवा | १२ वडाको कृषक भ्रमण | गाडी भाडा खाजापानी लगायत | १००००० |

७८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १२ वडामा १२ योजना सञ्चालन गरी यस वर्ष ८४ जनालाई औसत ८० दिनले रोजगारी उपलब्ध गराई रु.४५,७१,१२४।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

७९ **दिवा खाजा**

कार्यक्रम कार्यान्वन पुस्तिका २०८०।०८१ अनुसार स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा संचालनमा रहेका दिनका लागि मात्र सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत वालबालिकाहरुका लागि उपलव्ध गराउन विद्यालयगत तथ्यांकका आधारमा प्रति विद्यार्थी दैनिक रु १५ का दरले १८० दिनका लागि विद्यालय संचालन भएको दिनलाई मात्र आधार मानेर अनुदान व्यवस्था मिलाउने । स्थानीय तहले दिवा खाजामा उपलव्ध गराईएकाविद्यार्थीहरुको दैनिक हाजिर पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यास अध्यक्षबाट प्रमाणीत गराईस्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदानदिने व्यवस्था मिलाउने तेश्रोत्रैमासिकको निकासा गर्दा पहिलो र दोश्रो त्रैमासिकमा निकासा भएको रकम सदुपयोगको सुनिश्चित गर्ने ।सवै विद्यालयका प्रधानाध्यापकहरुको बैठक राखी रहेको दिवा खाजा व्यवस्थापन पुस्तिका २०७७ जानकारी गराउनेर सम्भव भए सम्मस्थानीय तहभित्रका सबै विद्यालयहरुमा एकै किसिमको मेनु व्यवस्थापनमा सहजिकरण गर्नेव्यवस्था रहेको छ। पालिकाले यसवर्ष दिवा खाजा वापत ८० विद्यालयलाई रु १,५५,४२,८३७।००भुक्तानीदिएको छ। पालिकाले दिवा खाजाको मेनुमा एकरुपता तथा खर्चको सदुपयोगको सम्बन्धमा पालिकाबाट प्रभावकारी रुपमा अनुगमन गर्नुपर्दछ ।

८० **विद्यालय अनुगमन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धि मापदण्ड निर्धारण गरेको छैन र आफ्नो मादहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरेको देखिएन । कार्यालयले अनुगमन

सम्बन्धि निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी वनाउन तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।

८१ **शिक्षक दरबन्दी र पदपुर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका८०सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

| विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार/ राहत | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| विभिन्न ८० विद्यालय | ३२२ | ३२२ | १०९ | ११९०५ |

८२ **विलभरपाई**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१को क्रियाकलापनं २.७.१३.१० मा विद्यालयसञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयमा इन्टरनेट जडान तथा संचालन शीर्षकमा प्रति विद्यालय रु१२००० दरले रकम उपलब्ध गराउन सकिने ब्यवस्था उल्लेख गरेको छ।जस अनुसार पालिका अन्तर्गतका निम्न विद्यालयले त्यस्तो खर्चको विलभर्पाई पेशगरी खर्चको शोधभर्ना लिनु पर्दछ।तर लेखापरिक्षणको समयमा सो सम्बन्धि विलभर्पाई पेश हुन नआएकोले विलभरपाई पेश हुनुपर्ने रु

| भौ. नं . /मिति | विद्यालयको नाम | रकम( रु ) |
|---|---|---|
| १९१/०८०/११/८० | श्री जनता कालीका मावि छविसे | १२००० |
| | श्री मावि कल्याणपुर | १२००० |
| | जम्मा | २४००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,००० |

८३ **छात्रवृति वितरण कार्यक्रम**

असुली गरी राजस्व दाखिला गरेको ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

८४ **औषधि व्यवस्थापन**

यस कार्यालयबाट खरिद भएका५ प्रकारका औषधिको प्राप्ती, उपयोग र मौज्दातको स्थितिको परीक्षण गर्दा देखिएको व्यहोरा देहायबमोजिम रहेको छ ।

| औषधिको नाम | गत वर्षको मोज्दात | पालिकाबाट खरिद | स्वास्थ्य कार्यालयबा प्राप्त | जम्मा आम्दानी | खर्च | बाँकी मौज्दात |
|---|---|---|---|---|---|---|
| Ferrous sulphate with folic | 96500 | 36000 | 252000 | 384500 | 241300 | 143200 |
| Tab paracetamol 500mg | 35000 | 235000 | 45000 | 315000 | 231000 | 84000 |
| Tab metronidazole 400mg | 19900 | 89000 | 2000 | 110900 | 65150 | 45750 |
| Tab amoxicilline 500mg | 38800 | 111000 | 3000 | 152800 | 110580 | 42220 |
| Tab sulphamethoxazole | 4700 | 36000 | 200 | 40900 | 22900 | 18000 |

औषधिको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ती र निकासा विच सन्तुलन कायम रहनु पर्दछ । Authorized stock level, Emergency order point औषधि प्राप्त हुने समय, Load time maximum consumption आइटम, Minimum Consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले त्रुटि एवं बढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधि रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्भावना रहेकोले औषधिको माग पहिचान गरी खरिद र खर्च विच सन्तुलन कायम गर्न पर्दछ, भने जनतालाई निशुल्क स्वास्थ्य सेवा पुर्‍याउने तर्फ ध्यान दिनुपर्दछ।

८५ **अस्पताल आय व्यय**

८५.१ हिसाव मिलान गरेको प्रमाण पेश ।

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **३६,१४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

८५.२ सार्वजनकि खरिद ऐन, २०६३ को दफा ८ बमोजमि प्रतिस्पर्धा सीमित नहुने गरी खरीद गर्नुपर्ने व्यवस्था छ । अस्पतालले वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान गरी वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा गरेको देखिएन । अस्पतालले पालिकाबाट विनियोजन भएको रु ६० लाख मध्ये रु ४३९३५४२।०० र अस्पतालबाट अम्दानी भएको मध्येबाट रु १४४४०२२०।०० समेत जम्मा रु १८८३३७६२।०० को औषधी तथा स्वास्थ्य उपकरण, फर्निचर, कार्यालय सञ्चालन खर्च, मर्मत सम्हारको खर्च गर्दा औषधी खरिद बाहेक अन्य खरिद प्रतिस्पर्धाबाट गरेको देखिएन । खरिद नियमावलीको व्यवस्था अनुसार खरिद योजना बनाई औषधी लगायतका खरिद कार्यलाई व्यवस्थित प्रतिस्पर्धी एवं मितव्ययी बनाउनु पर्दछ । यस सम्वन्धमा प्रस्तावित खर्चको विवरण पेश गरेको तथा अस्पतालमा पर्याप्त बजेट व्यवस्था नभएकोले आम्दानीका आधारमा मितव्ययी रुपमा आवश्यक्ता बमोजिम खरिद गरेको जनाएको छ । अस्पताल संचालन, सेवा प्रवाह, औषधी खरिद, आयव्ययको अवस्था लगायतको क्षेत्रमा कार्यविधि बनाई अनुगमन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

८५.३ पारिश्रमिक कर

आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम पारिश्रमिक भुक्तानी गर्दा तोके बमोजिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मेडिकल अधिकृत सहितलाई पारिश्रमिक तथा प्रोत्साहन भत्ता भुक्तानी गर्दा पूर्ण रुपमा कर हिसाब गरी कर कट्टा तथा दाखिला गरेको नपाइएकोले निम्नानुसारको नपुग कर असुल गरी दाखिला गर्नुपर्ने रु.

| कर्मचारीको नाम | पद | जम्मा आय | जम्मा कट्टी | करयोग्य आय | लाग्ने कर | कट्टी कर | नपुग कर |
|---|---|---|---|---|---|---|---|
| मे सु श्री गौरव साह | अधिकृत आठौ | २१५४००० | ३२३१०० | १३१४४५० | ३८२८२० | ३२३१०० | ५९७२० |
| एमडिजिपी श्री सन्तोष साह | अधिकृत आठौ | २३४८४२८ | ३५२२६५ | १५०८४२८ | ४२१६८५ | ३५२२६५ | ६९४२० |
| मे अ अमन कुमार दास | अधिकृत आठौ | १४३२४५० | १२४८७० | ९१७३१८ | १५३४६० | १२४८७० | २८५९० |
| जम्मा | | | | | | | १५७७३० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५७,७३० |

८६ **सहकारी नियमन**

विवरण दाखिलाः सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५३ वटा सहकारी संस्था रहेकाकोमा २४ वटा सहकारी कोपोमिसमा आवद्ध रहेको जनाएको छ । सो मध्ये ४ वटा सहकारीले समस्याग्रस्त देखिएकोमा ३ वटा फरफारक गरी बन्द गरेको तथा रु ५७०८००५।४३ बचत परिचालन रहेको लालिगुराँस बचत तथा ऋण सहकारी सस्थाको मुद्दा अदालतमा विचाराधिन रहेको जनाएकोछ । विधमान कानुन र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) वमोजिम सवै प्रकारका विवरण दाखिला नगर्ने सहकारी उपर अनुगमन गरी नियमन गर्नुपर्ने देखिन्छ ।

८७ **भू-उपयोग ऐन कार्यान्वयन**

भूमिको वर्गिकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापनको माध्यमवाट अधिकतम र दिगो लाभ हासिल गर्न भू-उपयोग ऐन,२०७६ मिति ०७६।५।६ देखि लागु भएको छ । ऐनको दफा ५ले ऐन प्रारम्भ भएको एक बर्षभित्र मन्त्रालयले स्थानीय तहको भूउपयोग नक्सा तयार गरि हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेता पनि सम्वन्धित मन्त्रालयवाट सो अनुसारको नक्सा हस्तान्तरण भई प्राप्त भएको देखिएन । त्यसैगरी दफा ६ को उपदफा ५ मा स्थानीय तहले संघ र प्रदेशको भूउपयोग योजनाको प्रतिकूल नहुने गरी स्थानीय भू उपयोग योजना तयार गर्नु पर्ने व्यवस्था रहेकोमा नक्साको अभावमा उक्त कार्य हुन सकेको छैन । पालिकाले यो आर्थिक वर्षमा अव्यवस्थित बसोवासी ८६२५ भूमिहिन दलित ३७० र भूमिहिन सुकुम्वासी ९११ समेत ९९०६ जनाको लगत संकलन गरेकोमा ९७३६ जनाको मात्र लगत प्रविष्टी भएको जनाएको छ । वडा १ देखि ४ सम्म ८५० हेक्टर जग्गाको ५२४३ कित्ता नापी सम्पन्न गरी वडा ५ देखि ७ सम्मका ६० स्थानमा नियन्त्रण स्थापना भए बाहेक अन्य प्रगति भएको देखिएन । केन्द्रमा नयाँ भूमि आयोग गठन भई निर्देशन भएबमोजिम अन्य आवश्यक कारवाही अगाडि बढ्ने जानकारी हुन आएकोले यसमा सम्वद्ध पक्षको समयमै ध्यानाकर्षण हुनुपर्दछ ।

८८ **सामाजिक सुरक्षा तथा वितरण**

८८.१ सामाजिक सुरक्षा विवरण- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली, २०७६, बिद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४, सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यबस्था रहेको छ ।पालिकाबाट सामाजिक सुरक्षा कार्यक्रमको लागि यो बर्ष नेपाल सरकारबाट प्राप्त बजेट मध्ये रू.२३,३०,८५,९०७.०० खर्च देखाई आर्थिक विवरण पेश गरेको छ ।पालिकाको अघिल्लो आर्थिक बर्ष र यस आर्थिक बर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको औषत निकाली तुलनात्मक अवस्था निम्न रहेको देखिन्छ।

| लक्षित समुह | आ.ब. २०७९।८० को चार त्रैमासिकको औसत सँख्या | आ.ब. २०८०।८१ को चार त्रैमासिकको औसत सँख्या | भत्ता दर |
|---|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | 2563 | 3143 | ४००० |
| जेष्ठ नागरिक (दलित) | 334 | 267 | २६६० |
| जेष्ठ नागरिक (एकल महिला) | 590 | 415 | २६६० |
| विधवा | 726 | 680 | २६६० |
| पुर्ण अपाङ्गता | 252 | 230 | ३९९० |
| अति अशत्त अपाङ्गता | 426 | 480 | २१२८ |
| दलित बालबालिका | 710 | 567 | ५३२ |
| लोपोन्मुख जाति | 40 | 44 | ३९९० |
| जम्मा | **5641** | **5826** | |

८८.२ हिसाब भिडान- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ। सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा बैंकले तोकिएको ढाँचामा लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा यस पालिकाले अद्यावधिक रिभर्स फिड माग गरि आएको तर निकासा भिडान गरी हिसाब फरफारक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले अद्यावधिक विवरण माग गरी हिसाब फरफारक गर्नु पर्दछ ।

८८.३ सामाजिक सुरक्षा त्रैमासिक वितरण- सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम २३(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको त्रैमासिक तथा बार्षिक प्रतिवेदन अनुसुची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनु पर्नेछ ।यस नियम बमोजिम उक्त अनुसुची अनुसार प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गरेको संख्या र रकम निम्न अवस्थामा रहेको पाइयो ।

| लाभग्राही समुह | प्रथक त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|
| | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | ३२३३ | ३८७०५२३० | ३२५५ | ३८९८०१४३ | ३२८७ | ३९२३४९५२ | ३३३३ | ३९७३६३७५ |
| जेष्ठ नागरिक भत्ता (दलित) | २८९ | २२८४९४० | २९१ | २३१६८६० | २९० | २२८०२४१ | २९१ | २२९५५८० |
| जेष्ठ नागरिक एकल महिला | ४१३ | ३२९०४२० | ४१३ | ३२९३०८० | ४१० | ३२६६४८० | ३९३ | ३१३०८२० |
| जेष्ठ नागरिक क्षेत्र तोकिएका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विधवा | ७१० | ५६१७९२० | ७२९ | ५७६५३२१ | ७३७ | ५८४६६८० | ७५५ | ५९६६३८० |
| पूर्ण अपाङ्गता भत्ता | २४५ | २८६२२९३ | २४५ | २९०४७२० | २४४ | २९२०६८० | २५२ | २९६३७७२ |
| अति अशक्त अपाङ्गता भत्ता | ५५१ | ३३४०९६० | ५६९ | ३५५५८८८ | ५७५ | ३६७०८०० | ६०६ | ३६७५०५६ |
| क्षेत्र तोकिएका बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| लोपन्मूख बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| दलित बालबालिका | ५७३ | ८९२१४१ | ५७९ | ८८१४२७ | ५८१ | ८८७००१ | ५७४ | ८७९१९५ |
| लोपन्मुख जाति | ४४ | ५२६६८० | ४४ | ५२६६८० | ४४ | ५२६६८० | ४३ | ५१४७१० |
| जम्मा | ६०५८ | ५७५२०५८४ | ६१२५ | ५८२२४११९ | ६१६८ | ५८६३३५१४ | ६२४७ | ५९१६१८८८ |

८८.४ नागरिकता नम्बर एकै भएका लाभग्राही- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने सम्बन्धि व्यबस्था रहेको छ । नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ ।यस पालिका अन्तर्गतका १४ वटा वडा मध्ये ३ र १२ वडाको प्रथम त्रैमासिकको नमुना परीक्षणको रुपमा सामाजिक सुरक्षा पाउने लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता परिचयपत्र नं. दोहोरो परेको देखिन्छ ।यस पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गरी एकिन गर्ने र लगत कट्टा गर्नुपर्ने भए गरी यात् दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम आइ एस प्रणालीमा अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

| Frist Installment | | | | | |
|---|---|---|---|---|---|
| **s.no.** | **Ward no.** | **Member Name** | **Citizenship no.** | **Personal Id no.** | **Payment Amt.** |
| **1.** | 3 | Gopi Maya Damai | 113 | 2030101400393 | 7980 |
| **2.** | 3 | Guna Sunuwar | 113 | 2027011100725 | 7980 |
| **3.** | 3 | PRATIK TAMANG | 141036 | 2062050500352 | 11970 |
| **4.** | 3 | Mamata Rai | 141036 | 2031040400874 | 6384 |
| **5.** | 3 | NARBADA RAYE CHHETRI | 141036 | 2059052900394 | 6384 |
| **6.** | 3 | BHULLU ADHIKARI | 1436 | 1999123211361 | 12000 |
| **7.** | 3 | TANKA MAYA THAPA | 1436 | 2015052500804 | 11970 |
| **8.** | 3 | TIKA RAJ DHAMALA | 4020 | 2026092900409 | 6384 |
| **9.** | 3 | TIKA RAM DHAMAL | 4020 | 2026050403867 | 2128 |
| **10.** | 12 | Bal Bahadur Thapa Kshetri | 1300 | 2005060301063 | 12000 |
| **11.** | 12 | Kebal Kumari Magar | 1300 | 2024102100466 | 6384 |
| **12.** | 12 | Suk Bahadur Sunuwar | 586 | 2011102302242 | 12000 |
| **13.** | 12 | Jit Maya Khatri | 586 | 2061122100076 | 11970 |
| **14.** | 12 | Lil Bahadur Khatri | 729 | 1996123048553 | 12000 |
| **15.** | 12 | Sher Bahadur Kami | 729 | 2019110201389 | 7980 |

८८.५ बैँक रुजु\प्रमाणीत- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ दफा २६(३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैँकबाट अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मुत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैँकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सँघीय सँचित कोषमा दाखिला गर्नुपर्ने छ भनी उल्लेख गरेको छ ।यस पालिकाले बिभिन्न ९ वटा बैँक मार्फत सामाजिक सुरक्षा भत्ता बितरण गर्ने सम्बन्धित बैँकबाट एक आर्थिक बर्षसम्म एक पटक पनि रकम नझिकेका लाभग्राहीहरुको विवरण माग गर्दा सम्बन्धित बैंकहरुमा लाभग्राहीहरुको मौज्दात बाँकी रहेको देखिन्छ । सो लाभग्राहीहरुको सम्बन्धमा पालिकाले सुक्ष्म तरिकाले छानबिन गरी उक्त लाभग्राही निष्कृय रहेको अवस्थामा लगत कट्टा गर्नुपर्ने भए गरी बढी भएको रकम तथा निक्रिय रहेको खाताको रकम सघिँय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

दाखिला- लेखापरीक्षणको क्रममा सोको विवरण माग गरी लाभग्राहीहरुको विवरण परीक्षण गरी नगरपालिका तथा वडा कार्यालयबाट एकिन पश्चात निष्कृय लागभ्राहीहरूको बैक मौज्दातमा रहेको रकम रू.४,३६,८३१.४८ मिति २०८१।९।२२ मा सञ्चितकोषमा दाखिला भई आएको छ ।अन्य समेतको हकमा पालिकाले थप एकिन गरी निष्कृय तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको हकमा लगत कट्टा गरी बांकी रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

८९ **सामाजिक सुरक्षा अनुगमन**

सामाजिक सुरक्षा परदर्शिता र जवाफदेहिताः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै, सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत

नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन।

सार्वजनिक सुनुवाईः स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।

अनुगमनः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।

९० **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले आन्तरिक लेखापरीक्षण शाखामा जनशक्ती नभएको कारण देखाई २०८०।८१ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको देखिएन । अतः तोकिए बमोजिम आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : कटारी नगरपालिका, उदयपुर , कटारी नगरपालिका , उदयपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अनिल किराती | २०७८-११-४ | २०८०-९-१३ |
| कार्यालय प्रमुख | विनोद भट्टराई | २०८०-९-२२ | २०८१-५-७ |
| कार्यालय प्रमुख | राजमणि निरौला | २०८१-५-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | माधव राज जोशी | २०८०-४-१ | २०८१-६-१ |
| लेखा प्रमुख | परेक बहादुर बुढा | २०८१-६-२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,५३२,७३५.८४ | २९,७३७,१६८ | ९,७८२,७७२ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४२,०५२,६७५.८४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ६६,१४५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४१,९८६,५३०.८४ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ६५८०९९८५.८४ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५०८२७८०४२.७७ | चालु खर्च | ५८२२१९८५३.५५ |
| प्रदेश सरकारबाट अनुदान | २६८९२५३९ | पूँजीगत खर्च | २०४७८७३१५ |
| राजश्व बाँडफाँट | १९०१४११३० | वित्तीय/अन्य व्यवस्था | २६९२१६७४२ |
| आन्तरिक आय | ३१०५२३७६.७२ | | |
| अन्य आय | २६८२८६९५६ | | |
| कुल आय | १०२४६५१०४४.४९ | कुल खर्च | १०५६२२३९१०.५५ |
| बाँकी मौज्दात | | ३४२३७११९.७८ | |

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

